नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, बैतडी

दशरथचन्द न.पा.,गढी

प.सं.:२०८३।०८४
च.नं.: २१४

मिति:२०८३।०४।२९
ने.सं.११४६

विषयः स्वीकृत योजना पठाईएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय
(विपद् पुर्वतयारी तथा प्रतिकार्य शाखा)
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा यस जिल्लाको जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP),२०८३ र विपद्को समयमा उपलब्ध उपकरणसहितको QRT/IRT को परिचालन योजना,२०८३ जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३।०४।२९ गतेको बैठकको निर्णयबाट पारित / स्वीकृत गरि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

(भोज लाल थारू)
सहायक प्रमुख जिल्ला अधिकारी

श्री गृह मन्त्रालय, योजना, अनुगमन तथा मुल्याङ्कन शाखा सिंहदरवार, काठमाडौं ।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बबरमहल, काठमाडौं ।
श्री सुदुरपश्चिम प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय धनगढी, कैलाली ।
श्री प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र धनगढी, कैलाली ।
श्री स्थानीय तह, (सबै) बैतडी : स्वीकृत योजना कार्यान्वयनका लागि ।
श्री सुरक्षा निकाय, (सबै) बैतडी : स्वीकृत योजना कार्यान्वयनका लागि ।
श्री सरकारी कार्यालय, (सबै) बैतडी : स्वीकृत योजना कार्यान्वयनका लागि ।

☎0977-95520233, website: daobaitadi.moha.gov.np. Email:dao.baitadi@gmail.com,
abhilekha.baitadi@gmail.com, daobaitadi@moha.gov.np, prashasan.baitadi@gmail.com

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

(District Disaster Preparednessand Response Plan)

२०८३




जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

प्रमुख जिल्ला अधिकारी

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# District Disaster Preparedness and Response Plan

२०८३




जिल्ला विपद् व्यवस्थापन समिति

बैतडी

प्रमुख जिल्ला अधिकारी

**प्रकाशक** : जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

**सर्वाधिकार** : जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

**अध्यावधिक** : श्रावन, २०८३

**प्रकाशनप्रति** :१०० प्रति

**आर्थिक तथा प्राविधिक सहयोग** :

<u>सम्पादन समिति :</u>

| | |
|---|---|
| स.प्र.जि.अ. भोज लाल थारु, जिल्ला प्रशासन कार्यालय, बैतडी | - संयोजक |
| प्र.नि. भुवन प्रसाद तिमिल्सैना, जिल्ला प्रहरी कार्यालय, बैतडी | - सदस्य |
| ना.सु. कृष्ण बोहरा, जिल्ला प्रशासन कार्यालय, बैतडी | - सदस्य |
| क. अ. श्री सुरेन्द्र भट्ट, जिल्ला प्रशासन कार्यालय, बैतडी | - सदस्य |
| प्र.ज. श्री धरम सिंह धामी, जिल्ला प्रहरी कार्यालय, बैतडी | - सदस्य |

प्रमुख जिल्ला अधिकारी एवम जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्षज्यूको भनाई

# शुभकामना

प्राकृतिक तथा गैरप्राकृतिक विपद्का जोखिमहरू दिनप्रतिदिन बढ्दै गएको वर्तमान परिवेशमा विपद् व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित, समन्वयात्मक तथा परिणाममुखी बनाउन पूर्वतयारी, प्रतिकार्य, समन्वय र शीघ्र परिचालनको महत्वपूर्ण भूमिका रहन्छ। विपद्का समयमा हुन सक्ने मानवीय, भौतिक तथा आर्थिक क्षतिलाई न्यून गर्न खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यहरू समयमै प्रभावकारी रूपमा सञ्चालन गर्नु सबै सरोकारवाला निकायहरूको साझा दायित्व हो।

यसै सन्दर्भमा, जिल्ला विपद् व्यवस्थापन समिति, बैतडीद्वारा जिल्लामा हुन सक्ने सम्भावित विपद्का जोखिमको पहिचान, न्यूनीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्यका लागि आवश्यक व्यवस्था र कार्ययोजनालाई समेटी **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** तर्जुमा गरिएकोमा खुसी व्यक्त गर्दछु। विपद्को समयमा उपलब्ध स्रोतसाधन तथा जनशक्तिको प्रभावकारी परिचालन, सम्बन्धित निकायबीच आवश्यक समन्वय र शीघ्र प्रतिकार्यका माध्यमबाट मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न यस योजनाले महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु।

विपद् कुनै एक निकायको मात्र प्रयासबाट व्यवस्थापन गर्न सम्भव नहुने भएकाले स्थानीय तह, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संघसंस्था, निजी क्षेत्र, स्वयंसेवक, सञ्चार क्षेत्र तथा आम नागरिकसमेतको सक्रिय सहभागिता, सहकार्य र समन्वय आवश्यक हुन्छ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट विपद्को समयमा शीघ्र खोज, उद्धार तथा राहत परिचालन भई जनधनको क्षति न्यूनीकरण गर्न तथा विपद् प्रतिरोधी र उत्थानशील समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु।

अन्त्यमा, **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३"** को सफल कार्यान्वयनका लागि योगदान पुऱ्याउनुहुने जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, विज्ञ, प्राविधिक तथा सम्पूर्ण सरोकारवाला पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै योजनाको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मीना अर्याल

प्रमुख जिल्ला अधिकारी एवं अध्यक्ष

जिल्ला विपद् व्यवस्थापन समिति, बैतडी

## विषयसूची


शुभकामना 4

१. परिचय 1

१.१. पृष्ठभूमि 1

१.२. विपद् व्यवस्थापन सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था 2

१.३. बैतडी जिल्लाको परिचय 3

१.४. जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीति 7

२. योजना निर्माण प्रक्रिया 8

३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा 8

४. सामान्य पूर्वतयारी योजना 9

४.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा 9

४.२ विभिन्न बैठकका निर्णयहरु 10

४.३ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची 12

५. प्रकोप जोखिम विश्लेषण 15

५.१ बैतडी जिल्लाको प्रकोपको इतिहास 15

५.२ प्रकोप जोखिम विश्लेषण तालिका 19

६.विषयगत क्षेत्रको नेतृत्वदायी तथा सहयोगी संस्थाको सूची 20

७-विषयगत भूमिका तथा जिम्मेवारी 21

७.१. समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र 21

७.२. खोज तथा उद्धार क्षेत्र 24

७.३. खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्र 26

७.४. आपतकालीन आवास तथा गैर खाद्य सामग्री क्षेत्र 27

७.५. खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनक्षेत्र 28

७.६.स्वास्थ्य तथा पोषण क्षेत्र 30

७.७ शिक्षा क्षेत्र 32

७.८. कृषि तथा जीविको पार्जन क्षेत्र 34

७.९. संरक्षण क्षेत्र 36

८. सूचना व्यवस्थापन 38

९. आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान 38

१०. विपद्को प्रकृतिमा आधारित क्षेत्रगत प्रतिकार्य योजना : 38

१०.१ समन्वय तथा सूचना व्यवस्थापन क्षेत्र 38

१०.२ खोज तथा उद्धार क्षेत्र 41

११.३ खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्र 42

१०.४ आपतकालिन आवास तथा गैरखाद्य सामग्री क्षेत्र 44

१०.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र 46

१०.६ स्वास्थ्य तथा पोषणक्षेत्र 49

१०.७ शिक्षा क्षेत्र 51

१०.८ कृषि तथा जिविकोपार्जन क्षेत्र : 53

१०.९ संरक्षण क्षेत्र 54

११. कार्यान्वयन तथा पुनरावलोकन रणनीति ........ 57

११.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने 57

११.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन प्रकृया 57

११.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक 58

१२. प्रतिवेदन तथा अभिलेखन........ 58

१३. जिल्ला विपद् व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार ........ 58

१४. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय तहको काम,कर्तव्य र अधिकारः ........ 59

१५. उत्थानशीलता ........ 60

१६. अनुसूचीहरु : ........ 62

अनुसूची-१ विपद् सम्पर्क व्यक्ति (Focal Person) तथा संस्थाको विवरणः 62

अनुसूची-२ बैतडी जिल्ला अन्तर्गतका कार्यालयमा रहेका सवारी साधनका चालकहरुको विवरण 62

अनुसूची-३ आपतकालीन कार्यसंचालन केन्द्र एवं विपद् व्यवस्थापन कोषको मौज्दात रकम 63

अनुसूची-४ जिल्लामा स्थापना गरिएका हेलिप्याडहरुको विवरण 63

अनुसूची-५ बैतडी जिल्ला भित्र रहेको विपद् व्यवस्थापनका लागि खुला क्षेत्र (Open Space) 64

अनुसूची-६ बैतडी जिल्लाको विपद् पुर्वतयारी र उद्धारका लागी उपलब्ध स्रोत साधनहरुको विवरण 66

अनुसूची-७ निर्माण व्यवसायी संघ बैतडी अन्तर्गत रहेका खोज तथा उद्धार सामग्रीको विवरण 69

अनुसूची-८ आपतकालिन खाद्य संकट व्यवस्थापनका लागि FOOD BANK सम्बन्धी सम्झौता 71

अनुसूची-९: जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक कार्यदल् २०८३ 72

अनुसूची-१० नेपाल पत्रकार महासंघ (जिल्ला शाखा, बैतडी, अन्तर्गत कार्यरत पत्रकारहरुको विवरण) 72

अनुसूची-११ बैतडी जिल्ला अन्तर्गत रहेका एम्बुलेन्सहरुको विवरण 73

अनुसूची १२- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बैतडी अन्तर्गतका उपशाखाहरु 74

अनुसूची-१३ जिल्ला विपद् सहायता कक्ष (District Disaster Help Desk -DDHD) 76

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

## संक्षिप्त रूप

| | |
|---|---|
| जि.स.स. | जिल्ला समन्वय समिति |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउँपालिका |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| स.प्र.जि.अ. | सहायक प्रमुख जिल्ला अधिकारी |
| स.प्र.ब. | सशस्त्र प्रहरी बल |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| गै.स.स. | गैर सरकारी संस्था |
| CDMC | Community Disaster Management Committee |
| DCMC | District Crisis Management Committee |
| DDMC | District DisasterManagement Committee |
| DDPRP | District Disaster Preparedness and Response Plan |
| DDRT | District Disaster Response Team |
| DEOC | District Emergency Operation Center |
| IEC | Information, Education and Communication |
| IRA | Initial Rapid Assessment |
| IRT | Incident Response Team |
| LDCRP | Local Disaster  and Climate Resilience Plan |
| LSAR | Light Search and Rescue |
| MIRA | Multi-Cluster Initial Rapid Assessment |
| NDRF | National Disaster Response Framework |
| NDRRMA | National Disaster Risk Reduction and Management Authority |
| NEOC | National Emergency Operation Center |
| NFRI | Non Food Relief Items |
| QRT | Quick Response Team |
| RRT | Rapid Response Team |
| SAR | Search and Rescue |
| WASH | Water, Sanitation and Hygiene |
| MISP | Minimum initial Service Package |

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपाल भूकम्प, बाढी/पहिरो, आगलागी, महामारी, चटयाङ, हावाहुरी, असिना, लु(तातो हावा), शितलहर, हिमपात, हिमताल विष्फोटन जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको जोखिममा रहेको मुलुक हो। यसमा पनि भूकम्प, बाढी/पहिरो तथा जलवायू परिवर्तन जस्ता प्रकोपको हिसावले नेपाल उच्च जोखिममा रहेको छ। यस्ता प्रकोपको जोखिमबाट बैतडी जिल्ला पनि उच्च जोखिममा रहेको छ । यसै अवस्थालाई ध्यानमा राखी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ दफा १६ को २ (ख) तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्ग निर्देशन, २०६७ (पहिलो संसोधन २०७६) र राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा (NDRF) को आधारमा बैतडी जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गरी लागू गरिएको छ।

बैतडी जिल्लामा हुने प्रकोप र यसले निम्त्याएका विपद्हरुलाई विश्लेषण गरेर हेर्दा पहिरो, बाढी, आगलागी, चटयाङ, हावाहुरी, वन्यजन्तु आतंक र सडक दुर्घटना दोहोरिइ रहने तथा बर्षेनी आइरहने प्रकोपका रुपमा रहेका छन् भने भुकम्प पनि मानवीय, भौतिक तथा आर्थिक क्षति गर्ने र मानवीय सन्त्रास पैदागर्ने प्रकोपका रुपमा देखापरेको छ। यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको सोह्रौं योजनामा विपद्बाट सुरक्षित तथा उत्थानशील नेपाल हुने सोच लिनुका साथै सबै प्रकारका प्राकृतिक एवम् गैरप्राकृतिक प्रकोपका घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एंवम वातावरणीय क्षति कम गर्ने लक्ष्य लिइएको छ । यस योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानशील शासन पद्धतिको सुदृढीकरण गर्ने, सरकारको तीनै तहमा बहुप्रकोपको जोखिम नक्सांकन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभसम्बन्धी क्षमता विकास संगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्ने, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदायस्तर देखिनै विपद् उत्थानशील क्षमता अभिवृद्धि गर्ने र विपद् जोखिम व्यवस्थापनका लागि वृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सवल बनाउने जस्ता उद्देश्यहरु लिइएको छ।

विपद् सम्बन्धी सूचनाहरू समयमै प्राप्त गरी विश्वनीय किसिमले सूचना प्रवाह गर्न तथा समग्र विपद् व्यवस्थापन कार्यको प्रभावकारी समन्वय गर्न जिल्लामा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भई कार्य सञ्चालनमा रहेको छ। नगर क्षेत्रहरूमा विपद्को समयमा प्रयोग गर्न सकिने गरी खुला क्षेत्रहरूको पहिचान तथा घोषणा गरी सातवटै प्रदेशहरूमा आपत्कालीन सामग्रीको भण्डारण गर्न गोदाम घरहरूको व्यवस्था गर्ने नीति नेपाल सरकारले लिएको छ। यसै क्रममा बैतडी जिल्लामा पनि सरकारी तथा गैरसरकारी संघ-सस्थाहरु मार्फत आपतकालीन सामग्रीहरु वितरण तथा भण्डारण गरिएको छ। सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित अस्पताल तथा विद्यालयहरू र सम्पूर्ण सरकारी एवम् सार्वजनिक भवनहरुलाई भूकम्प प्रतिरोधी बनाउन जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु जरुरी छ। स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाई विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न निकायसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । विपद्जन्य परिस्थितिको सामना गर्न प्रकोप पूर्वसूचना प्रणालीको विकास मार्फत् सम्भाव्य सबै प्रकारका प्रकोपको पूर्व सूचना दिने, विपद् व्यवस्थापनका सबै चरणहरूमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै विपद् व्यवस्थापनलाई विकास प्रक्रियाका सबै चरणमा एकीकृत गरी कार्यान्वयनमा ल्याउनु अति आवश्यक भइसकेको छ। विपद् पश्चातको द्रुत लेखाजोखामा एकरूपता कायम गर्ने, विपद्बाट पर्ने असरहरूलाई न्यून गर्ने तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ । विश्वव्यापी रुपमा विपद् जोखिम न्यूनीकरणको लागि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले अनुमोदन गरेको साझा रणनीति "ह्योगोकार्यसंरचना"(Hyogo Framework for Action 2005-2015) का आधारमा सन् २०१५ सम्ममा विपद्को कारणले हुने मानवीय, सामाजिक, आर्थिक र वातावरणीय क्षतिलाई उल्लेख्य रुपमा कम गराई हरेक राष्ट्र र समुदायलाई प्रकोप

विरुद्ध उत्थानशील (Resilience)बनाउने अपेक्षा राखिएको थियो । सोहि अनुरुप नेपाल सरकारले प्रत्येक जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी त्यसलाई लागु गर्ने कार्यको थालनी गरेकोमा तत्पश्चातका(Sendai Framework For DRR 2015-2030) सेण्डाई कार्य योजना (२०१५-२०३०) को अवधारणा अनुरूप विपद् जोखिमलाई पहिचान गर्ने, तदनुरुप क्षमता पहिचान र क्षमता अभिवृद्धि गर्ने, विपद् जोखिम व्यवस्थापन र विपद् प्रतिकार्यका लागि स्थानीय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म तयारी अवस्थामा रहने, आवश्यक नीति नियम तथा योजनाहरुको निर्माण गर्ने, वातावरणीय प्रतिकूल प्रभावका कारणले हुने जोखिम तथा विपद् व्यवस्थापनमा सबै वर्ग र समुदायलाई समावेश गराउने कुरालाई अङ्गिकार गरी नेपाल सरकारले हालै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण नीति २०७५ एंव सेण्डाई कार्य ढाँचालाई कार्यान्वयन गर्न राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ पारित गरी कार्यान्वयनमा ल्याइएको छ। यसरी अन्तर्राष्ट्रिय प्रतिबद्धता, राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्था अनुरुप विगतका अनुभव र सिकाइलाई समावेश गरी यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समय अनुकूल परिमार्जन तथा अद्यावधिक गर्नुपर्ने भएकोले जिल्ला विपद् व्यवस्थापन समिति, बैतडीले जिल्लाका सरकारी निकाय, स्थानीय तह, राजनीतिक दल, विभिन्न संघ संस्था तथा सरोकारवालाहरुको सहभागितामा, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना २०८३ अद्यावधिक गरी लागु गरिएको छ ।

## १.२. विपद् व्यवस्थापन सम्बन्धी संबैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने, प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकलाई मैलिक हक र कर्तव्यको रुपमा अङ्गीकार गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (दैवी प्रकोप उद्धार ऐन, २०३९ प्रतिस्थापित) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई समन्वयात्मक तथा प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत व्यवस्था र जिल्ला विपद् व्यवस्थापन कोष लगायतको प्रावधानहरु गरेको छ ।

राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७१ (संशोधित २०७५) अनुसार विपद्को अवस्थामा जोखिममा रहेका समूहको संरक्षण, गर्भवती, सुत्केरी तथा बच्चालाई दुध खुवाउने महिलाको हेरचाह, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दीर्घरोगी, किशोरी, बालबालिकाको विशेष संरक्षण तथा सेवा सुविधा उपलब्ध गराउनुका साथै विपद् प्रभावितहरुलाई अस्थायी आश्रयस्थल तथा शिविर सञ्चालन भएका स्थानहरुमा राहत सामग्री वितरण गर्दा प्राथमिकताकासाथ सेवा उपलब्ध गराउने तथा खोज तथा उद्धारका समयमा हुन सक्ने लैंगिक हिंसाका गतिविधि सम्बन्धमा विशेष निगरानी तथा संरक्षणको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागी आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थालाई उल्लेख गरेको छ । यसका साथैविपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले चारवटा प्राथमिकता प्राप्त क्षेत्र, अठार वटा मुख्य प्राथमिकता प्राप्त कार्यहरु र २७१ रणनीतिक क्रियाकलापहरु उल्लेख गरी गन्तव्य निर्धारण गरेको छ। यो कार्ययोजनाले २०३० सम्म विभिन्न परिसूचकहरुमा के कति उपलब्धी हासिल गर्ने र कसरी यी क्रियाकलापहरुको कार्यान्वयन गर्ने भन्ने विषयलाई मार्गनिर्देशित गरेको छ ।

यसैगरी, जलवायु परिवर्तन नीति, २०७६ तय गरि कार्यान्वयनमा ल्याएको छ ।यो नीतिले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको योजनावद्ध एवं एकिकृत प्रयासद्वारा राष्ट्रका सामाजिक, आर्थिक तथा पारिस्थितीकीय प्रणालीहरुलाई जलवायु उत्थानशील बनाउने लक्ष्य लिएको छ ।

सुदूरपश्चिम प्रदेशले प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, प्रदेश विपद् व्यवस्थापन परिषद्, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन कोषको प्रावधान राखेको छ । यसका साथै प्रदेश वातावरण संरक्षण ऐन, २०७५, प्रदेश आकस्मिक कोष ऐन, २०७५, प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६ निर्माण गरेको छ।यो निर्देशिकाले जोखिम क्षेत्र तथा जोखिममा रहेका समूह पहिचान गर्ने, उद्धार सामाग्रीहरुको व्यवस्था गर्ने, आपतकालीन कार्य सञ्चालन केन्द्र तथा गोदामघरको

व्यवस्था गर्ने, खोज तथा उद्धार गर्ने र राहत वितरण गर्ने सम्बन्धी प्रावधान राखेको छ। भुकम्प, बाढी पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सृजना भएको विशेष परिस्थितिमा प्रदेश सरकारले तत्काल आकस्मिक कार्यहरु सम्पादन गर्न प्रदेश आकस्मिक कोष सञ्चालन र परिचालन गर्ने, वातावरणीय असन्तुलन र यसबाट मानवजाति, जीवजन्तु, वनस्पति, प्रकृति, वायुमण्डल तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल असरलाई कम गर्ने लक्ष्य राखी विभिन्न कानुनी प्रावधानहरुको व्यवस्था गरेको छ । यसैगरि हवाई उद्धार कार्यविधि, २०७६ तयार गरि विपद तथा अन्य दुर्घटनामा परि ज्यान जोखिममा परेका व्यक्तिहरुलाई हवाई उद्धार गरी श्रोत साधन सम्पन्न अस्पतालमा पुर्‍याई उचित स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (न) मा पनि स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी १२ वटा काम, कर्तव्य र अधिकारहरु उल्लेख गरेको छ । साथै, स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ मा पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सूचकहरु राखिएको छ।

## १.३.बैतडी जिल्लाको परिचय

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ जिल्लाहरु मध्ये बैतडी जिल्ला एक पहाडी जिल्ला हो। यस जिल्लाको पूर्वमा बझाङ र डोटी जिल्ला, पश्चिममा महाकाली नदी (भारतको उत्तराखण्ड), उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछ। समुद्र सतह देखि ३१० मिटर देखि ३०२३ मिटर उचाईमा रहेको यो जिल्ला २९°१८' देखि २९°४२' उत्तरी अक्षाशं र ८०°१४' देखि ८०°५४' पूर्वी देशान्तरमा अवस्थित छ। जिल्ला पाश्र्वचित्र २०७० का अनुसार यस जिल्लाको कूल क्षेत्रफल १५१९ बर्ग किलोमिटर छ। यस जिल्लाको सरदर वार्षिक वर्षा १४७२.४ मिलिमिटर मापन गरिएको छ । नेपाल सरकार केन्द्रिय तथ्यांक विभागले सम्वत् २०७८ मा लिएको राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या २,४२,१५७ मध्ये पुरुष १,१३,८६४(४७%) र महिला १,२८,२९३(५३%) रहेको छ भने जिल्लामा जम्मा ४९,४२८ घरधुरी रहेका छन् । जस अनुसार लैंगिक अनुपात ८८.७५ पुरुष प्रति १०० महिला, परिवारको औसत आकार४.९०, जन घनत्व १५९ प्रति वर्ग कि.मी. र बार्षिक जनसंख्या वृद्धिदर (-०.३४) रहेको छ। यस जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा १० स्थानीय तहहरु रहेका छन्। जिल्लाको अन्य जानकारी तलका तालिकाहरुमा उल्लेख गरिएको छ।

### १.३.१ जिल्लाको उमेर अनुसार जनसंख्या विवरण

नेपालको राष्ट्रिय जनगणना २०७८ कोतथ्याङ्कको आधारमा उमेर अनुसार यस जिल्लाको कुल जनसंख्यालाई खण्डिकरण गरि तलको तालिकामा समावेश गरिएको छ ।

तालिका १: उमेर अनुसारको जनसंख्या विवरण

| लिंग / उमेर | ५ बर्ष मुनी | ५-९ बर्ष | १०-१९ बर्ष | २०-३९ बर्ष | ४०-५९ बर्ष | ६०-६९ बर्ष | ७० बर्ष माथी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १२३७६ | १२६३८ | २८६५८ | २९११९ | १९९५० | ६४९५ | ४६२८ | ११३८६४ |
| महिला | १०७७५ | १२०६८ | २९६१० | ३८४८१ | २३४२२ | ७१९६ | ६७४१ | १२८२९३ |
| जम्मा | २३१५१ | २४७०६ | ५८२६८ | ६७६०० | ४३३७२ | १३६९१ | ११३६९ | २४२१५७ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

१.३.२. अपाङ्गता अनुसार जनसंख्या विवरण:

बैतडी जिल्लाको कूल जनसंख्या २,४२,१५७ मध्ये विविध कारणबाट प्रभावित भई फरक फरक प्रकारको अपाङ्गता हुन पुगेका व्यक्तिहरु जम्मा ५७६९जना औषत २.३८% रहेका छन् । यो सम्वन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २: अपाङ्गताको अवस्था

| अपांङ्गताको प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | २७६४ | १६०३ | ११६१ |
| न्यून दृष्टियुक्त | ८७० | ४१६ | ४५४ |
| दृष्टि विहीन | ३११ | १५१ | १६० |
| बहिरोपन | ३०२ | १६३ | १३९ |
| मनोसामाजिक अपाङ्गता | २०७ | १२३ | ८४ |
| न्यून श्रवणशक्ति | ३८१ | २०० | १८१ |
| बहिरोपन एवं दृष्टिविहीन | १०२ | ४८ | ५४ |
| मानसिक वा मनोसामाजिक | २९७ | १८१ | ११६ |
| बौद्धिकअपाङ्गता | ५६ | २९ | २७ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४० | २८ | १२ |
| अटिजम् | २९ | १४ | १५ |
| बहु अपाङ्गता | ४१० | २४० | १७० |
| कुल | ५७६९ | ३१९६ | २५७३ |




*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### १.३.३. प्राकृतिक तथा भौतिक स्रोतः

नेपालको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको बमोजिम घरको बनौट र अन्य भौतिक स्रोतको आधारमा यस जिल्लाको कुल परिवार संख्यालाई विभिन्न सूचक अनुसार तपशिलका तालिकाहरुमा समावेश गरिएको छ ।

**तालिका नं.३ :- घरको जगको बनौट अनुसार परिवार संख्या**

| जगकोबनावट | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटोको जोडाई भएको ईंटा/ढुङ्गा | ४३०७८ | ८७.२% |
| सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | ५५५५ | ११.२% |
| ढलान पिल्लर सहितको | ७१४ | १.४% |
| काठ/बाँसको खम्बा गाडेको | ५० | ०.१% |
| अन्य | १० | ०.०२% |
| जम्मा | ४९४०७ | १००% |

**तालिका नं.४ :- घरको बाहिरी गारोको बनौट अनुसार परिवार संख्या**

| बाहिरी गारोको बनावट | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटोको जोडाई भएको ईंटा/ढुङ्गा | ३९२४८ | ७९.४% |
| सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | ९८१३ | १९.९% |
| काठ/फल्याक | ३६ | ०.१% |
| बाँसजन्य सामग्री | १५ | ०.०३% |
| काचो ईंटा | २३९ | ०.५% |
| जस्ता/टिन/च्यादर | ३२ | ०.१% |
| प्रिफ्याब | ० | ०% |
| अन्य | २४ | ०.०५% |
| जम्मा | ४९४०७ | १००% |

**तालिका नं.५ :- घरको छानोको बनौट अनुसार परिवार संख्या**

| घरको छानोको बनौट | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जस्ता/टिन/च्यादर | ३१४८ | ६.४% |
| सिमेन्ट ढलान | ५७९९ | ११.७% |
| खर/पराल/छवाली | २७२ | ०.६% |
| टायल/खपडा/झिँगटी | ३७४ | ०.८% |
| ढुङ्गा/स्लेट | ३९३२३ | ७९.६% |
| काठ/फल्याक | १६० | ०.३% |
| माटो | २९५ | ०.६% |
| अन्य | ३६ | ०.१% |
| जम्मा | ४९४०७ | १००% |

### १.३.४. सुविधा र साधनः

नेपालको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कको बमोजिम घर परिवारले प्रयोग गर्ने सुविधा र साधनको आधारमा यस जिल्लाको कुल परिवार संख्यालाई विभिन्न सूचक अनुसार तपशिलका तालिकाहरुमा समावेश गरिएको छ ।

तालिका नं. ६ : खानेपानीको स्रोत अनुसार परिवार संख्या

| सुविधाको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| धारा/पाइप (घर परिसर भित्र) | १०,६७५ | २१.६% |
| धारा/पाइप(घर परिसर बाहिर) | ३०,६२२ | ६२% |
| ढाकिएको इनार/कुवा | ५४२ | १.१% |
| खुला इनार/कुवा | १,८८४ | ३.८% |
| मूल धारा | ४,७९१ | ९.७% |
| खोला/झरना | ८२४ | १.७% |
| जार/बोतल | २२ | ०.०४% |
| अन्य | ४७ | ०.१% |
| जम्मा | ४९,४०७ | १००% |

तालिका नं. ७ : खाना पकाउन प्रयोग गर्ने ईन्धन स्रोत अनुसार परिवार संख्या

| इन्धनको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| काठ/दाउरा | ४७०१८ | ९५.२% |
| एल.पी.ग्याँस | २२८१ | ४.६% |
| विजुली | २६ | ०.०५% |
| बायोग्याँस | ६५ | ०.१% |
| मट्टीतेल | ११ | ०.०२% |
| अन्य | ६ | ०.०१% |
| जम्मा | ४९४०७ | १००% |

तालिका नं. ८ : शौचालयको प्रयोग अनुसार परिवार संख्या

| शौचालयको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| फ्लस भएको (सार्वजनिक ढल) | ९३१ | १.९% |
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | २८३३५ | ५७.४% |
| साधारण | १९२६६ | ३९% |
| सार्वजनिक | २४५ | ०.५% |
| चर्पी नभएको | ६३० | १.३% |
| जम्मा | ४९४०७ | १००% |

*(स्रोत: राष्ट्रिय जनगणना, २०७८)*

**१.३.५. जलवायू तथा भूउपयोगको अवस्था :**

बैतडी जिल्लाको भौगोलिक भू-बनोट अत्याधिक रुपमा भिरालो जमिन भएकोले अधिकांश भागमा चिम्टाइलो, बलौटे, मिश्रित बलौटे र फुस्रो माटो पाइन्छ। समथर भू-भाग जस्तै पाटन तथा ढुंगाड क्षेत्रमा उर्वर दोमट माटो पाइन्छ। जिल्लाको कुल क्षेत्रफल १,४५,११३ हेक्टर रहेकोमा भूउपयोगको विवरण निम्न अनुसार छ:

तालिका नं.९: भू-उपयोगको अवस्था

| विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कूल खेतीयोग्य जमिन | ३१,४८५ | २१.६९% |
| खेती गरिएको जमिन | २०,५६० | ६५.३०% |
| कुल सिंचित क्षेत्रफल | १०,६५० | ५१.७९% |
| वर्षभरी सिंचित जमिन | ६,९१२ | ६४.९०% |
| आंशिक सिंचित जमिन | ३,७२८ | ३५.१०% |
| वनजंगलले ओगटेको क्षेत्र | ५८,५८२ | ४०.३६% |
| चरिचरन | १९,१९९ | १२.६३% |
| नदीनाला | १०,४१२ | ६.८५% |
| अन्य | १३,३९४ | ८.८८% |

*स्रोत:कृषि ज्ञान केन्द्र, बैतडी, २०८२*

जलवायूका हिसावले यस जिल्लाको तल्लो भेगमा अर्ध उष्ण, उच्च पहाडी भेगमा शीतोष्ण हावापानी पाइन्छ। यस जिल्लाको औषत तापक्रम अधिकतम २३.४ डिग्री सेल्सियस र न्यूनतम ११.६ डिग्री सेल्सियस रहेको पाइएको छ। औषत वार्षिक वर्षा १४७२.४ मिलिमिटर रहेको छ। यस जिल्लामा प्रमुख २५ वटा नदी तथा खोलानालाहरु रहेका छन् जसमध्ये मुख्य रुपमा महाकाली, सेती, चौलानी, सुर्नया, जमाडी, गर्मा, आगरी, ढुंगाड, न्वाघरीगाड, बलगाड, ढिकगाड, लिखाडीगाड, स्याडीगाड, बागागाड, कोटेलीगाड, निलगाड, कन्सनीगाड, पल्मोडीगाड आदि रहेका छन्।

### १.३.६. वन जंगलको अवस्थाः

यस जिल्लाको उष्ण प्रदेशीय वन जंगलमा साल, चिउरी, बर्रो, खयर, सिसौ, सिमल, जामुन आदि रुख प्रजातिहरू पाईन्छन् भने जिल्लाको श्रीभावर, खोड्पे, अनारखोली लगायत महाभारत लेक क्षेत्रमा ठण्डा समशितोष्ण क्षेत्रमा खोटे सल्ला, लालीगुराँस, बाँझ, खस्रु, काफल, देवदार आदि प्रजातिहरू रहेका छन्। बैतडी जिल्लाको कुल क्षेत्रफल १,४५,११३ हेक्टरमध्ये वनको क्षेत्रफल ५८,५८२ हेक्टर (४०.३६ प्रतिशत हे.) रहेको छ ।

*स्रोतः डिभिजन वन कार्यालय, बैतडीको एकीकृत तथ्यांक पुस्तिका (Database book), २०८२*

तालिका नं. १० : जिल्लाको औषत वर्षाको विश्लेषण र मौसमी अवस्थाः

| क्र.सं. | केन्द्रको नाम | मनसुनमा जम्मा वर्षामि.मि. | वार्षिक जम्मा वर्षामि.मि. |
|---|---|---|---|
| १ | गोठालापानी | ९३९.९ | १३७७.९ |
| २ | पाटन | ९३१.५ | १२०४.३ |
| ३ | सिद्धपुर | २५६६.२ | २८९९.३ |
| ४ | ककरपाखा | १३४६.६ | १७५४.३ |

*स्रोत : जल तथा मौसम विज्ञान कार्यालय- कोहलपुर, बाँके*

## १.४. जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य तथा रणनीति

**समष्टिगत उद्देश्यः** जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको समष्टिगत उद्देश्य यस प्रकार रहेको छः

- विपद्बाट उत्पन्न मानवीय जोखिमका असरहरू न्यूनीकरण गर्नका लागि जिल्लाको प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरुको आधारभूत आवश्यकताहरुलाई प्रभावकारी एवंम् समन्वयात्मक रुपमा उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु,

**निर्दिष्ट उद्देश्यः** जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्दिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन्ः

- जिल्ला स्थित जोखिममा रहेका स्थानीय तहहरुको संकटासन्नता विश्लेषण गरी स्थानीय स्रोत साधन र क्षमताको पहिचान गर्ने,
- जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागि विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने,
- भूकम्प, बाढी/पहिरो, तथा पानीजन्य आपतकालबाट उत्पन्न विपद् व्यवस्थापनको लागि स्थानीय स्रोत, साधन, सीप र ज्ञानको अधिकतम उपयोग गर्दै प्रतिकार्य तथा पूर्वतयारी योजना अनुसार जिल्लास्थित सरोकारवाला निकायहरुको क्षमता अभिवृद्धि गर्ने,
- आपतकालिन अवस्थाको सामना गर्न जिल्लास्थित सरोकारवालाहरुको प्रतिकार्य क्षमतालाई अझ प्रभावकारी बनाउने।

**अपनाईएका रणनीतिः** जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गर्दा अपनाइएका केही रणनीतिक गतिविधि निम्न अनुसार छनः

- विगत ३ वर्षकोबाढी/पहिरोको प्रभावको विश्लेषण र सवैभन्दा खराब परिस्थितिलाई आधारको रुपमा छनोट,
- जिल्लामा कार्यरत क्रियाशिल निकायको क्षेत्रगत रुपमा क्षमता विश्लेषणद्वारा पूर्वतयारी र प्रतिकार्य निर्धारण,
- तर्जुमा भएको योजनाको प्रभावकारी कार्यान्वयनको लागि जिम्मेवारी बाँडफाँड,
- आपतकालीन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका क्रममा क्षेत्रगतरुपमा रहेको दक्षता, ज्ञान, सीप, विधिको प्रयोगका लागि समन्वयमा जोड,
- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन जिल्ला विपद् व्यवस्थापन समितिले गर्नेछ, जसको मूल्यांकन विभिन्न विकास साझेदार एवम् गृह मन्त्रालय तथा केन्द्रिय विपद् व्यवस्थापन समिति तथा प्राधिकरणबाट हुनेछ।

## २. योजना निर्माण प्रक्रिया

यस जिल्लामा विगतमा घटेका विपद् सम्बन्धी घटनाहरुलाई आधार मानेर बैतडी जिल्लामा हुने गरेका भूकम्प, बाढी, पहिरो, चटयाङ, आगलागी, हावाहुरी, वन्यजन्तु आतंक, सडक दुर्घटना, हिमपात, महामारी जस्ता विपद्हरुलाई प्राथमिकतामा राखि योजना निर्माणको लागि जिल्लास्थित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु बीच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल र सहकार्यमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ जिल्ला विपद् व्यवस्थापन समिति, बैतडीबाट अद्यावधिक गरिएको छ ।

## ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाबाट निम्न बमोजिमको उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ।

- समन्वय संयन्त्र तथा पद्धति स्थापना हुने।
- सबै निकायहरुको भूमिका पहिचान हुने।
- प्रकोप तथा जोखिम नक्सा तयार हुने।
- सम्भावित विपद्को क्षेत्रमा बिशिष्ट योजना तर्जुमा हुने।
- साधन/स्रोत तथा जनशक्तिको आँकलन हुने।
- खोज तथा उद्धार टोलीको प्रबन्ध हुने।
- स्थानीय तहहरुले वितरण गर्दै आएको राहतलाई थप व्यवस्थित बनाउने।
- संक्रामक रोगहरुको प्रतिकार्यमा सहजता हुने (जस्तैः हैजा, झाडापखाला आदि)

- जिल्लामा सूचना व्यवस्थापनको लागि जिल्ला आपतकालिन कार्य संचालन केन्द्रको प्रभावकारीता अभिबृद्धि हुने।
- मौसम पूर्वानुमान सम्बन्धी सूचना व्यापक रूपमा सम्प्रेषण भई विपद् जोखिम तथा क्षति न्यूनीकरणमा सहयोग पुग्ने।
- विपद् प्रतिकार्यका लागि आबश्यक पर्ने स्रोत साधन, संयन्त्र तथा खाद्य एवं गैरखाद्य राहत सामग्रीको सुनिश्चितता हुने।

## ४. सामान्य पूर्वतयारी योजना

### ४.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि गरिएको सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

| क्र. सं. | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | सुझावहरु |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ | योजना बनाउनु पर्छ भन्ने सकारात्मक सोचको शुरुवात तथा सो को खाका तयार | जिल्लामा खाका तथा सोचले मात्र नपुग्ने हुनाले कुनै पनि विषयको (महामारी जस्तै झाडापखाला) विस्तृत योजना निर्माण गर्नुपर्ने रहेछ । | सहभागितात्मक हिसावले तयार गरेको योजना अनुसार सम्बन्धित निकायले जिम्मेवारी बहन गर्नुपर्ने |
| २ | जिल्ला मनसून पूर्वतयारी योजना २०६७-०८३ | योजनाको दस्तावेजिकरण गर्ने असल अभ्यासको शुरुवात | जोखिमको अवस्था राम्रोसंगचित्रण भएको हुँदा योजना तर्जुमा गर्न सजिलो | एकीकृत योजना (Integrated Plan) निर्माण गर्नुपर्ने |
| ३ | विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ | दैवी प्रकोप उद्धार ऐन, २०३९ अनुसार उद्धार कार्यको संस्थागत प्रारुपको शुरुवात | विपद् पूर्वतयारी र प्रतिकार्यका लागि व्यवस्थापन कार्य गर्न सहज एवम् एकरुपता हुने। | जिल्लाका सरोकारवाला निकायहरुलाई जानकारी गराउनुपर्ने। |
| ४ | जिल्लाको विपद्को इतिहास (पहिरो, बाढी, आगलागी, महामारी आदि) | समन्वयात्मक रुपमा जिल्ला स्थित निकाय जिल्ला प्रशासन कार्यालय, जि.स.स., स्थानीय निकायहरु, साडा बैतडी, यु.एन.एफ.पि.ए. र रेडक्रस बाट योगदान भएको पाईन्छ । | उद्धार सामग्री संकलन र वितरणका लागि बिषेश आवश्यकता अध्ययन सहितको ठोस योजनाको अभावमा प्रकोप संग जुध्न जिल्लाको क्षमताको पहिचान हुन नसकेको | प्रभावकारी व्यवस्थापनका लागि समन्वय तथा व्यवस्थापन सम्बन्धी बिश्लेषण टोली गठन गरी जोखिमयुक्त स्थानहरुको नक्शाकंन गर्ने। |
| ५ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | विपद् प्रतिकार्यको नयाँ संरचना र कार्य विवरण, स्थानीय तहलाई थप जिम्मेवार गराइएको | विपद् व्यवस्थापनमा निजी क्षेत्रको सहभागितामा वृद्धि | संरचनात्मक विकास र प्राधिकरण गठनमा तिव्रता दिनु पर्ने |
| ६ | जिल्ला विपद् व्यवस्थापन योजना, २०७२-२०७६ र जिल्ला विपद् पूर्वतयारी | जिल्लाको विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी तथा | जिल्लामा उपलव्ध हुने विपद् सूचनामूलक तथा पूर्वतयारीका सामग्रीहरुले | योजना कार्यान्वयन गर्दा चुनौती र समस्याहरुको पहिचान |

| क्र. सं. | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मुख्य सिकाई | सुझावहरु |
|---|---|---|---|---|
| | तथा प्रतिकार्य योजना २०७७-२०८२ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७-२०८३ | प्रतिकार्यका सम्पुर्ण विवरणहरु एउटै बुलेटिनबाट प्राप्त गर्न सजिलो भएको | जिल्लाको वास्तविक सूचना र समस्याहरु पहिचान गर्नमा मद्दत पुऱ्याउने। | गरीसरोकारवालाहरुको सुझाव सहितको विवरण बुलेटिनमा समावेश गर्दा अझ उपलब्धिमूलक हुने |
| ७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (संशोधन) नियमावली, २०७६ | विपद् प्रतिकार्यको नयाँ संरचना र कार्य विवरण | विपद् व्यवस्थापनमा सरोकारवालाहरुको जिम्मेवारी | संरचनात्मक विकास र प्राधिकरण गठनमा तिव्रता दिनु पर्ने |
| ८ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (संशोधन सहित) | संघीय शासन व्यवस्था अनुसारको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नु पर्ने (संघ, प्रदेश र स्थानीय तह) | क्षेत्रगत अवधारणलाई थप सशक्त बनाइ संस्थागत सहभागितामा प्रकोप जोखिम विश्लेषण गरी योजना अद्यावधिक गर्ने । | सहभागितात्मक हिसाबले तयार गरेको योजना अनुसार सम्बन्धित निकायले जिम्मेवारी बहन गर्नुपर्ने |

### ४.२ विभिन्न बैठकका निर्णयहरु

#### ४.२.१जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्णको प्रक्रिया :

जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमागर्नको लागि विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायहरूको बैठक मिति २०८३।०३।२९ गते बसी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ लाई अद्यावधिक गर्न तपशिल बमोजिम कार्यहरु गर्ने निर्णय गरियो।

- योजना निर्माण गर्न जिल्ला विपद् व्यवस्थापन समितिका सदस्य सचिव स.प्र.जि.अ. भोज लाल थारुको संयोजकत्वमा कार्यदल गठन गर्ने ।
- योजना अद्यावधिक गर्ने क्रममा सबै स्थानीय तहहरू तथा विपद्सँग सम्बन्धित सबै बिषयगत क्षेत्रहरुले चालु आर्थिक वर्षको विपद् पूर्वतयारी, रोकथाम र व्यवस्थापनसंग सम्वन्धित क्रियाकलापहरुको प्रतिवेदन, बिषयगत क्षेत्र (Cluster) हरुको योजना र मौज्दात विपद् सामग्रीहरूको अभिलेखलाई आधार लिने।
- स्थानीयतह भित्र विपद्को समयमा उद्धार र पुनर्स्थापना कार्यमा प्रयोग गर्न सकिने खुला स्थानहरूको पहिचान गरिएका प्राप्त अभिलेखका आधारमा योजना तयार गर्ने ।
- जिल्ला प्रशासन कार्यालय र उद्योग बाणिज्य संघ बैतडीका बीच आपकालीन खाद्य आपुर्तिका लागी (FOOD BANK) मा समझदारी पत्रमा हस्ताक्षर गरिए बमोजिम निरन्तरता दिइएको । जिल्ला प्रशासन कार्यालय बैतडीमा आयोजित उल्लेखित बैठकमा उपस्थित स्थानीय तह, सुरक्षा निकाय, विभिन्न कार्यालयका कार्यालय प्रमुख, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदार निकायहरु, UNFPA आदिको उपस्थितिमा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८३ अद्यावधिक गर्न स.प्र.जि.अ. भोज लाल थारुको संयोजकत्वमा गठन गरिएको कार्यदलले योजना अद्यावधिक गरी बैठकले तोकेको समय भित्र पेश गर्ने गरी कार्य आरम्भ गरिएको थियो।

#### ४.२.२ योजना अनुमोदन बैठक

मिति २०८३।०४।२९ गते जिल्ला प्रशासन कार्यालयमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी कार्यदलले तयार गरेको दस्तावेज उपर स्थानीय तह, बिषयगत क्षेत्रहरु तथा सम्बन्धित सरोकारवालाहरुको छलफलबाट आएका सुझावहरु समावेश गरी योजनालाई थप परिमार्जन सहित अनुमोदन गर्ने कार्य सम्पन्न गरियो।

### ४.२.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान

जिल्लामा हुने विपद्का घटनाहरुलाई समयमै व्यवस्थापन गर्नुपर्ने दायित्व अनुरुप ५.२. मा उल्लेख गरिएको जोखिम विश्लेषणलाई आधार मानी जिल्लाको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन जिल्ला विपद् व्यवस्थापन समिति सहमत भएको छ । यसै सन्दर्भमा, विगतका तीन बर्षमा विपद्बाट भएको जनधनको क्षति, बालीनाली तथा घर सम्पत्ति र भौतिक संरचनाको विनाश, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्देश्यले विपद्बाट विगतका बर्षमा घटेका घटनाहरुलाई पुनरावलोकन गरी जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्न विगतको देहाय अनुसारको अवस्थालाई आधार मानी तयगरिएको छ।

- भुकम्प तथा संक्रामक रोगहरु बाहेक अन्य विपद्का घटनाबाट यस जिल्लामा सरदर प्रतिबर्ष करिब ७ सय देखि ९ सय परिवारका ४ देखि ५ हजार जनसंख्या प्रभावित हुने गरेको छ भने करिब २ सय परिवारका ७ सय भन्दा बढी जनसंख्या विस्थापित हुने गरेको र प्रकोपबाट सरदरमा हरेक बर्ष ८० जना र रोगको महामारीबाट ८ जनाको मृत्यु हुने गरेको अवस्था छ ।
- घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्ति गरी प्रति स्थानीय तहमा बर्षेनी औसत करिब रु. १२/१३ लाख मुल्य बराबरको क्षति हुने गरेको छ ।
- विपद् प्रभावित क्षेत्रमा बर्षेनी केही भवनहरु पूर्ण रुपमा क्षति हुने गरेको छ भने केहि भवनहरु मर्मत संभार हुन सक्ने गरी आंशिक रुपमा भत्केको अवस्था छ।
- सडक तथा पुलहरु आंशिकरुपमा क्षति भएको तर मर्मत सम्भार गरी केहि दिन (३० दिन) भित्रमा नै सञ्चालन हुने गरेको अवस्था छ ।
- अधिकांश पानीका स्रोत पूर्णरुपमा क्षति भई सुख्खायाममा खानेपानी १ देखि २ हप्ताको लागि प्रभावित हुने गरेको।
- करिब ३५ प्रतिशत व्यक्तिगत, संस्थागत र सामुदायिक चर्पिहरुमा सरसफाई हुन नसक्दा समुदायका मानिसहरु प्रभावित हुने गरेको ।
- विपद् प्रभावित र विस्थापितहरुलाई स्थानीय विद्यालय, सामुदायिक भवनमा व्यवस्थापन गर्न सकिने (Sphere Guideline अनुसार ३.५ वर्गमिटर) अवस्था छ।
- जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध हुने भनिएको ९८ प्रकारका औषधि तथा विभिन्न तहका कर्मचारी अपर्याप्त भएको अवस्था छ ।
- विपद्को प्रभावबाट विद्यालयहरु आंशिक रुपमा क्षति भई फर्निचर, पठनपाठनका सामग्री क्षति भएको, पठनपाठन कार्य कम्तिमा २/३ महिना सम्म अवरुद्ध हुने अवस्था छ । त्यसै गरी अधिकांश विद्यालयहरु डाँडामा तथा अग्लो स्थानमा भएको हुँदा हावाहुरीबाट अझ बढी प्रभावित हुने गरेको छ ।
- विपद्को समयमा बालबालिका, किशोरकिशोरी, गर्भवती तथा सुत्केरीमहिला, बृद्धबृद्धा, असक्त तथा अपाङ्गता भएका व्यक्ति उपर हिंसा हुने गरेको छ ।
- विपद्को समयमा स्थानीय बजारमा मानिसहरुको पहुँच कम मात्र हुने गरेको छ ।
- विपद्को प्रतिकार्य समयका लागि खाद्यान्नको व्यवस्थापन गर्न उद्योग वाणिज्य संघ संग गरीएको सम्झौता अनुसार अन्य सरोकारवाला संग समेत समन्वय गरी कम्तीमा ५०० परिवारको लागी १ महिना पुग्ने खाद्यान्न मौज्दात राख्नु पर्ने ।
- बाढी, पहिरो र आगलागीका कारण गैरखाद्य सामग्रीहरु नष्ट हुने हुँदा गैरखाद्य सामग्रीको अभाव हुन सक्छ ।
- भूकम्पीय जोखिममा रहेको स्थानीय तहहरुमा धनजनको क्षति भई खाद्य सामग्री, गैरखाद्य सामग्री, आपतकालिन आवास, खानेपानी तथा सरसफाई, आदिको अभाव हुन सक्ने अनुमान गर्न सकिन्छ ।

- विपद्को समयमा प्रदान गरिने राहत सामग्री भण्डारण गर्न उचित स्थानमा गोदाम घरको अभाव रहेका हुँदा यसलाई पनि व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- गरिबीका कारण युवाहरु विदेश पलायन हुने कारणले गर्दा समुदायमा संकटासन्न वर्ग जस्तै बालबालिका, किशोरकिशोरीहरु, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका, असक्त वृद्धवृद्धाहरुको मात्र उपस्थिति रहने हुँदा समुदाय स्तरबाटै हुने खोज उद्धारको कार्य प्रभावित हुने गरेको छ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा हाल सम्म सबै स्थानीय तहमा आपतकालीन कार्य संचालन केन्द्र नभएको कारण तथ्यांक संकलन र सूचना प्रवाह गर्न कठिन भएको हुँदा स्थापना नगरिएका स्थानीय तहहरुमा पनि सो केन्द्र स्थापना गर्न सहजीकरण गर्नु पर्ने देखिन्छ ।

समग्रमा जिल्लाको प्रकोपको ऐतिहासिक घटनालाई आधार मान्दा १०,००० घरधुरी प्रत्यक्ष प्रभावित हुने अनुमानका आधारमा योजना तयार गरिएको छ । यसका लागि क्षेत्रगत क्षमता विश्लेषण तथा क्षेत्रगत आवश्यकता विश्लेषणबाट हेर्न सकिन्छ । बैतडी जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्ला विपद् व्यवस्थापन समितिको पूर्ण बैठकबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याइएको छ । यसैसन्दर्भमा, विगतका ३ बर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध स्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उदेश्यले विपद्बाट उच्च जोखिममा रहेका स्थानीय तहहरुमा आपतकालिन योजना निर्माण गर्न आवश्यक पर्ने सूचनाहरुको विश्लेषण गरिएको छ ।

यसर्थ, सबैभन्दा बढी जोखिममा रहेका वा पहिचान गरिएको स्थानीय तहको जनसङ्ख्यालाई आधार लिई न्यूनतम पूर्वतयारी गरी विभिन्न कार्यक्रमहरूको सञ्चालनका लागि उमेरका आधारमा लक्षित पुरुष तथा महिलाको जनसङ्ख्याको पूर्वानुमान गरिएको छ ।

### ४.३ मानवीय सहायतामा संलग्न साझेदार निकायको सूची

| क्रस. | संस्थाको नाम | विषयगत कार्यक्षेत्र | सम्पर्क व्यक्ति | मोबाईल |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | समन्वय र सुचना व्यवस्थापन | मीना अर्याल | ९८५८७०७७७७ |
| २ | जिल्ला समन्वय समिति/प्रत्येक स्थानीय तहहरु | ९ वटै क्षेत्र (Cluster) | खगेन्द्र सिह धामी, प्रमुख समन्वका लागि | ०९५-५२०१४४, ९८६४९८३४२५, ०९५-५२०२१२ |
| ३ | श्रीबक्स गुल्म, गढी बैतडी | खोज तथा उद्धार | पुष्प लामा | ०९५-५२०१०५, ९८५८७५२७७२ |
| ४ | जिल्ला प्रहरी कार्यालय | खोज तथा उद्धार | दिपक कुमार राय | ९८५८७०५५५५ ०९५५२०१०१ |
| ५ | सशस्त्र प्रहरी बल नेपाल,गुल्म नं ५१ | खोज तथा उद्धार | धर्मेन्द्र बम | ९८५१२७२०५२, ०९५५२०१६३ |
| ६ | डिभिजन बन कार्यालय | आपतकालिन आवास तथा गैर खाद्य सामग्री | भक्त राज गिरी | ०९५-५२०१५२, ९८५८७५११५२ |
| ७ | स्वास्थ्य कार्यालय | स्वास्थ्य तथा पोषण | तिर्थराज भट्ट | ९८४८५३१७८३ |
| ८ | जिल्ला अस्पताल | स्वास्थ्य तथा पोषण | मे.सु. अरविन्द जोशी | ९८५८७७५०३१ ०९५-५२००६५ |
| ९ | कृषि ज्ञान केन्द्र | कृषि तथा जिविकोपार्जन | हरि दत्त जोशी | ०९५-५२०१५४, ९८५८७५११५४ |

| क्र.स. | संस्थाको नाम | बिषयगत कार्यक्षेत्र | सम्पर्क व्यक्ति | मोबाईल |
|---|---|---|---|---|
| १० | शिक्षा विकास तथा समन्वय एकाइ | शिक्षा | दशरथ भट्ट | ०९५-५२०३९९<br>९८५८७८०३९९ |
| ११ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय नं १ | खानेपानी सरसफाई तथा स्वास्थ्य प्रवर्धन | ई.किशन कुवँर | ०९५-५२०१५०<br>९८५८७८५५५० |
| १२ | नेपाल रेडक्रस सोसाइटी | आपतकालिन आवास तथा गैरखाद्य सामग्री | बिष्णु दत्त अवस्थी<br>रमेश सिंह भण्डारी | ०९५-५२०३५६,<br>९८५८८४३०४६,<br>९८४८८४५३०५ |
| १३ | नेपाल पत्रकार महासंघ | समन्वय तथा सुचना व्यवस्थापन | नरी बडु | ९८५८७८१४१५ ,<br>९८०११६०३६९ |
| १४ | सयुक्त राष्ट्र जनसंख्या कोष **(UNFPA)** | संरक्षण,स्वास्थ्य तथा पोषण | खगेन्द्र प्रसाद भट्ट | ९८०२५२२१०२,<br>०९५-५२०५४५, |
| १५ | महिला सुरक्षित आवास गृह (सेफ हाउस) | संरक्षण | डम्मरी भट्ट | ९८४८८०१६०५ |
| १६ | नेपाल टेलिकम | समन्वय र सूचना व्यवस्थापन | डिल बहादुर बोकटी | ०९५-५२०१२२<br>९८५८७८०१०० |
| १८ | विश्व खाद्य कार्यक्रम | खाद्य सुरक्षा तथा गुणस्तर | सरोज आचार्य | ९८५१४४०१३१ |
| १९ | पूर्वाधार विकास कार्यालय | आपतकालिन आवास तथा गैर खाद्य सामग्री | संगित रोकाया | ०९५-५२००६२<br>९८४३२२९८९० |
| २० | सहरी विकास तथा भवन डिभिजन कार्यालय | आपतकालिन आवास तथा गैर खाद्य सामग्री | माधव कार्की | ०९५-५२०१४५<br>९८५८७८०१४५ |
| २१ | बृहत जलाधार व्यवस्थापन केन्द्र महाकाली पाटन | आपतकालिन आवास तथा गैर खाद्य सामग्री | खिमराज ओली | ०९५-४००००४,<br>९८५८७८०००४ |
| २२ | उद्योग वाणिज्य संघ | खाद्य सुरक्षा तथा गुणस्तरआपतकालिन , आवास तथा गैर खाद्य सामग्री | नरबहादुर चन्द(अध्यक्ष)<br>खिमानन्द भट्ट(उपाध्यक्ष) | ९८४८२१०६८६<br>९८६८७५३७४७ |
| २३ | गैर सरकारी संस्था महासंघ | समन्वय तथा सुचना व्यवस्थापन | पदम राज अवस्थी | ९८४८८३२५५५ |
| २४ | सामाजिक विकास कार्यालय | संरक्षण | शंकर दत्त जोशी | ९८६५९०८६४० |
| २५ | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रपाटन , | कृषि तथा जिपिकोपार्जन | गुमानी पन्त | ९८५८७८२५२५ |
| २६ | सडक डिभिजन कार्यालय , पाटन | खोज तथा उद्दार | किरण सुवेदी | ९८५८७४५४२३ |
| २७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, बैतडी | खाद्य सुरक्षा तथा गुणस्तर | विक्रम श्रेष्ठ | ९८५८७८२२४४ |
| २८ | सघन सहरी तथा भवन | आपतकालिन आवास | ई. झंक बहादुर थापा | ९८५८०६५१८४ |

| क्र.सं. | संस्थाको नाम | बिषयगत कार्यक्षेत्र | सम्पर्क व्यक्ति | मोबाईल |
|---|---|---|---|---|
| | निर्माण आयोजना, पाटन बैतडी | तथा गैर खाद्य सामग्री | | |
| | स्थानीय तह तर्फः | | | |
| १ | दशरथचन्द नगरपालिका | ९ वटै विषयगत क्षेत्र | पुष्कर राज जोशी, नगरप्रमुख | ९८४८७१३८०६ |
| | | | केशवराज सुबेदी, प्र.प्र.अ. | ९८५८७२१११११ |
| २ | पाटन नगरपालिका | ९ वटै विषयगत क्षेत्र | गौरी सिंह रावल, नगर प्रमुख | ९८६५८७२६४४ |
| | | | टेकराज अर्याल प्र.अ.प्र. | ९८५८२७२१११ |
| ३ | मेलौली नगरपालिका | ९ वटै विषयगत क्षेत्र | भीम बहादुर चन्द, नगर प्रमुख | ९८५८७८१५४० |
| | | | हरि प्रशाद शर्माप्र.प्र.अ. | ९८५८७८१७७५ |
| ४ | पूर्चौडी नगरपालिका | ९ वटै विषयगत क्षेत्र | दीपक बहादुर बम, नगर प्रमुख | ९८५८४२३५०५ |
| | | | सरोज कुमार पोखेल | ९८४१४३७२२१ |
| ५ | डिलाशैनी गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | सन्तोष जोशी, अध्यक्ष | ९८५११६८५५० |
| | | | शंकर बहादुर साउद, प्र.अ.प्र. | ९८४८८९८१७२ |
| ६ | दोगडाकेदार गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | चक्र बहादुर कार्की, अध्यक्ष | ९८४८७९३७२१ |
| | | | नरेश राज जोशी प्र.अ.प्र. | ९८४८७४९७६९ |
| ७ | पञ्चेश्वर गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | गोरख बहादुर चन्द, अध्यक्ष | ९८६८७७२९४९ |
| | | | राम बहादुर भण्डारी, प्र.अ.प्र. | ९८५८७८४००० |
| ८ | शिवनाथ गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | कर्ण सिह साउदअध्यक्ष , | ९८५११९६२२६ |
| | | | एकराज आचार्य प्र.प्र.अ. | ९८४२८४८७८४ |
| ९ | सिगास गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | हरि सिंह धामी, अध्यक्ष | ९८५८७३६९७९ |
| | | | शंकर बहादुर बोहरा | ९८४३२१९५६५ |
| १० | सुर्नया गाउँपालिका | ९ वटै विषयगत क्षेत्र | अम्मर बहादुर कुँवर, अध्यक्ष | ९८४८८३५०७२ |
| | | | रघुनाथ अवस्थी प्र.अ.प्र. | ९७४९५१२४४३ |

४.३(क) तालिम प्राप्त जनशक्ती

**श्रीवक्स गुल्म बैतडीमा तालिम प्राप्त जनशक्तिहरुको विवरण**

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | विपद् व्यवस्थापन तालिम प्राप्त (विशेष तालिम प्राप्त) | ४० जना |
| २ | विपद् व्यवस्थापन तालिम प्राप्त (सामान्य तालिमप्राप्त) | ७० जना |

जिल्ला प्रहरी कार्यालय, बैतडीमा तालिम प्राप्त जनशक्तिहरुको विवरण

| सि.नं. | बिवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | विपद् व्यवस्थापन तालिम प्राप्त (बिशेष तालिम प्राप्त) | ३ जना |
| २ | विपद् व्यवस्थापन तालिम प्राप्त (सामान्य तालिम प्राप्त) | ३६० जना |

सशस्त्र प्रहरी बल नेपाल नं. ५१ गुल्म बैतडीमा तालिम प्राप्त जनशक्तिहरुको विवरण

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | बिपद् व्यवस्थापन तालिम प्राप्त (बिशेष तालिम प्राप्त) | १२ जना |
| २ | बिपद् व्यवस्थापन तालिम प्राप्त (सामान्य तालिमप्राप्त) | ७८ जना |

नेपाल रेडक्रस सोसाइटी बैतडीमा तालिम प्राप्त जनशक्तिको विवरण

| सि.नं. | विवरण | उपलब्ध संख्या |
|---|---|---|
| १ | विपद् व्यवस्थापन तालिम प्राप्त (सामान्य तालिम प्राप्त) | १० जना |

नेपाल रेडक्रस सोसाइटी, बैतडीमा अन्य तालिम प्राप्त जनशक्तीको बिबरण

| क्र. स. | पालिकाहरुको नाम | तालिम प्राप्त जनशक्तिको संख्यात्मक बिबरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | First aid | CADRE | DDRT | प्रारम्भिकदुर्तलेखाजोखा (IRA) | ERT | व्यवहार परिवर्तन (BCC) | KOBO Collect |
| १ | दशरथचन्द न.पा. | ४ | ५ | ४ | ३ | १ | १ | १ |
| २ | पाटन न.पा. | २ | ० | ३ | १ | ० | ० | ३ |
| ३ | मेलौली न.पा. | ४ | ५ | ३ | १ | १ | ० | ३ |
| ४ | पुर्चौडी न.पा. | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | सुर्नया गाउँपालिका | २ | १ | ३ | २ | ० | १ | ० |
| ६ | सिगास गाउँपालिका | १ | १ | ० | १ | ० | ० | ० |
| ७ | दोगडाकेदार गाउँपालिका | २ | १ | २ | १ | ० | ० | १ |
| ८ | पञ्चेश्वर गाउँपालिका | ५ | ५ | २ | २ | ० | ० | ३ |
| जम्मा | | २० | १८ | २१ | ११ | २ | २ | ८ |

## ५. प्रकोप जोखिम विश्लेषण

### ५.१ बैतडी जिल्लाको प्रकोपको इतिहास

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| २०६२-२०६९ साल सम्म | बाढी | विजयपुर, बुरौसे, नैर, दोवाटा, मटे | गोफाकेदार निम्न माध्यमिक विद्यालय जोखिममा, २७ रोपनी खेती योग्य जमिन पुर्णरुपमा क्षति, २ पानी घट्ट बगाएको, १ लाख ८० हजार सम्मको |

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| | | | वालीनालीको क्षति। |
| २०५८ साल | पहिरो | विजयपुर मल्लागाउँ | १५ रोपनी जमीन बगाएको २ घरपरिवार उच्च जोखिममा रहेको |
| २०६४ साल | पहिरो | कटौजपानी, बडिया | पहिरोले २ पसल, १ घर भत्काएको (लोकेन्द्र विष्ट, केशव भाट, गणेश दमाईको) |
| २०६३ साल | पहिरो | कटौजपानी, कालापानी | १ महिलाको मृत्यु, २५ रोपनी खेतीयोग्य जमीन नष्ट, ४ परिवार विस्थापित |
| २०५७ साल | बाढी | सित्तड, गोयलागाउँ | बौलेगाडमा आएको बाढीले २५० परिवारको १०० रोपनी जमीन कटान गरेको |
| २०५७साल | पहिरो | सित्तड, कोसेरा,गाँजरी र चम्तडी | पहिरोले १५०० रोपनी जमीन बगाएको |
| २०६४ साल | पहिरो | सित्तड, पञ्यूनयाँ | १८ घरपरिवार विस्थापित,विद्यालय भवन नष्ट,सिंचाइ कुलो नष्ट, खानेपानी मुहान नष्ट,५०० रोपनी खेतीयोग्य जमीन नष्ट, जमाडी नदीमा निर्माणाधिन पुल बगाएको |
| २०६९ साल | बाढी | सित्तड, डोल | सनगाड खोलामा आएको बाढीले २०० रोपनी जमीन बगाएको,१ पानी घटट् र ४ पसल बगाएको |
| २०४४ साल | महामारी | सित्तड, गोयलागाउँ | झाडापखलाका कारण २ जनाको मृत्यु, सैयौं प्रभावित |
| २०४४ साल<br>२०४६ साल | पहिरो | डिलासैनी ६ बाँगावगर, सौनगाउँ | ११ वटा घर पुरीएर नष्ट,४० रोपनी खेतियोग्य जमिनमा क्षति, ७ बाख्रा र २ भैंसी मरेका, २१ घर १ विद्यालय भवन र ९० रोपनी जमिनमा क्षति । |
| २०७० साल | पहिरो | तत्कालीन सिद्धेश्वर गा.वि.स. | पहिरोले ५ जनाको मृत्यु, १६ जनावरको मृत्यु, ५ घर नष्ट र रु.६,१६,३२,४५८ बराबरको क्षति |
| २०७० साल | आगलागी | महादेवस्थान | आगलागीले रु.१,२२,००० को क्षति |
| २०७० साल | चटयाङ्ग | तत्कालीन सकारगाविस ३ | चटयाङ्गबाट ३ जना घाइते र १ जनावर मरेको |
| २०७१ साल | चटयाङ्ग | तत्कालीन सित्तड गा.स.वि. | कार्यालयमा चटयाङ ३ जना घाइते |
| २०७३ साल | बाढी पहिरो | रुद्रेश्वर, बैतडी | १ जनाको मृत्यु, ३ परिवार प्रभावित |
| २०७३ साल | आगलागी | भौनेली, बैतडी | आगलागीले १ घर नष्ट |
| २०७३ साल | बाढी पहिरो | मल्हादेही, बैतडी | १ जना बेपत्ता |
| २०७४ साल | चटयाङ्ग | द.न.पा. २ | चार वटा घरमा क्षति, सिलाई सेन्टरमा क्षति, ३ जना घाइते, र पशु चौपायाको क्षति |
| २०७४ साल | बाढी | दशरथचन्द न.पा.- सुकुट्टी | १ जना महिलाको मृत्यु |
| २०७६ साल | सडक दुर्घटना | सुर्नया गा.पा.(सिन्केलेक) | १ जनाको मृत्यु |

| बर्ष | विपद् | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| २०७७ साल | सडक दुर्घटना | पाटन न.पा.(खोड्पे) | ९ जनाको मृत्यु, २२ जना घाइते |
| २०७८ साल | बाढी, पहिरो | सिगास गा.पा.(ढुङ्गाड) | ८५ परिवार प्रभावित |
| २०७८ साल | पहिरो | शिवनाथ गा.पा.(बसेडी), सुल्लेखान) | ३ जनाको मृत्यु, ३ घर पुरिएको, ३ घर पहिरोमा परेका |
| २०७९ साल | | | |

(क) गत तिन वर्षमा (२०८०-२०८३ असार मसान्त सम्म) विपद्बाट भएको घटनाको संख्यात्मक विवरण

| सि.न. | बिवरण | मानवीय क्षति | | पशु चौपाया क्षति | |
|---|---|---|---|---|---|
| | | मृत्यु | घाईते | मृत्यु | घाईते |
| १ | आगलागी | ० | ८ | २५ | ३ |
| २ | बाढी/पहिरो | ० | ७ | १६ | १ |
| ३ | चटयाङ्ग | १ | २ | १५ | ० |
| ४ | सडक दुर्घटना | १५ | १२५ | ० | ० |
| ५ | जनावर आतङ्क | ० | १६ | २५ | ० |
| ६ | भुकम्प | ० | ३ | ०४ | ० |
| ७ | सर्पदंश | १ | २५ | ० | ० |
| ८ | हावा-हुरी | ० | ० | ० | ० |
| ९ | वर्षा | ० | ० | ० | ० |
| जम्मा | | १७ | १८६ | ८५ | ४ |

(ख) बाढी/पहिरो जोखिम स्थानहरुको विश्लेषण

| सि.न. | गा.पा./न.पा | वडा न. | प्रभावित क्षेत्र तथा स्थानहरु | प्रभावित हुन सक्ने घरधुरी | जोखिमको आधार |
|---|---|---|---|---|---|
| १ | दशरथचन्द नगरपालीका | वडा न.२ | कुमालीगाड खोला र स्यादीखोला वरपराका बस्तिहरु | ३३८ | पहिरो |
| | | वडा न.३ | दुर्गाभिवानी | १३५ | पहिरो |
| | | वडा न.६ | दालीबगर | २०३ | बाढी/ नदी कटान |
| | | वडा न.६ | जेवाली | १३५ | बाढी/ नदी कटान |
| | | वडा न ८ | झुलाघाट नकतडी सडक खण्ड | ६८ | पहिरो |
| २ | पाटन नगरपालिका | वार्डनं २ | सुर्नायागाई | ५४ | बाढी/ नदी कटान |
| | | वार्डनं ५ | कुमालीगाड | ९५ | बाढी/ नदी कटान |

| सि.न. | गा.पा./न.पा | वडा न. | प्रभावित क्षेत्र तथा स्थानहरु | प्रभावित हुन सक्ने घरधुरी | जोखिमको आधार |
|---|---|---|---|---|---|
| | | वार्डनं६ | सुर्नायागाडे, खिपली | ८१ | बाढी/ नदी कटान |
| ३ | पुचौंडी नगरपालीका | वडा न.१ | हाटखोला | १६२ | बाढी/ नदी कटान |
| | | वडा न.८ | लामानी | ८१ | पहिरो |
| | | वडा न ९ | तल्लादेही | ४७ | पहिरो |
| ४ | मेलौली नगरपालीका | वडा न.१ | लिखोडा, कुचगाडे | ८१ | पहिरो |
| | | वडा न.२ | लिखोडा खोला | ४१ | बाढी/ नदी कटान |
| | | वडा न.३ | धारीगाडे खोला-बाग्कोट | २० | बाढी/ नदी कटान |
| | | वडा न.८ | कोटीगाउँ | ४१ | पहिरो |
| | | वडा न.८ | खोरोड़ा | ६८ | बाढी/ नदी कटान |
| | | वडा न.९ | असुर रटोलेगाउँ | ८१ | बाढी/ नदी कटान |
| ५ | सिगास गाउँपालीका | वडा न.५ | सेतीनदीः ढुङ्गाड | २७० | बाढी/ नदी कटान |
| ६. | डिलासैनी गाउँपालीका | वडा न.२, ३ | चौलानीनदी र गन्नाखोला, बगडी, पन्नशेरा र सीमार | ४०५ | बाढी/ नदी कटान |
| | | वडान. ६, ७ | बंगाबगर र धामीगाउँ | १६२ | पहिरो |
| | | वडा न.५ | हरीनगर लट्टेकोट , सैनगाउँ | ८१ | बाढी/ नदी कटान |
| ७. | दोगडाकेदार गाउँपालीका | वडा न.६ | डोल, पन्जुनाया | ८१ | पहिरो |
| | | वडा न.४ | बसाली | ३४ | पहिरो |
| ८. | सुर्नया गाउँपालीका | वडा न.३ | बासगयली | ४१ | पहिरो |
| | | वडा न.५ | चक्मौला खोला | ५४ | बाढी/ नदी कटान |
| | | वडा न ८ | नगरकोट, बाजपानी, कठमदा | १३५ | पहिरोको र बाढी |
| | | वडा न ५ | तल्ला गाड, खनारी खोला, सिण्डाखोला र नेटा | २०३ | पहिरोको |
| ९. | पञ्चेश्वर गा.पा. | वडा न ६ | बिजुल, तेलिगाउँ | ६८ | पहिरो |
| | | वडानः १,४ | महाकालीनदीः रोलघाट, धर्मघाट, विनायकघाट | २७० | बाढी/ नदीकटान |
| १० | शिवनाथ गा.पा. | वार्डनं१ | महाकालीनदीः खाणघाट, कुस्मौतघाट | ४१ | बाढी/ नदी कटान |
| | | वार्डनं२ | सुर्नया नदीः खाल, कोपरे | ८१ | बाढी/ नदी कटान |
| | | | जम्मा प्रभावित हुनसक्ने घरधुरीः | ३६५४ | |
- जिल्ला तथा स्थानीय तहमा सूचना तथा समन्वय समिति गठन गर्ने,
- तीन देखि पाँच दिन भित्र बहु क्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा (Multi-Cluster InitialRapid Assessement, MIRA) गरी क्षति र पीडितहरुको विवरण तयार गर्ने,
- सूचना प्रवाहको वैकल्पिक उपायहरु पहिचान गरी सूचना प्रवाह सुनिश्चित गर्ने,
- प्राप्त सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरुलाई उपलब्ध गराउने,
- समन्वय बैठक विपद् परेको बेला २४ घण्टा भित्र, पहिलो हप्तामा १ दिन बिराएर र दोस्रो हप्ताबाट हप्तामा एकदिन बैठक बस्ने,
- नियमित रुपमा अनुगमन गरी सम्बन्धित क्षेत्रहरुलाई पृष्ठपोषण गर्ने ।

समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यकालागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन दोस्रो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>▪ जानकारीको संकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>▪ सबै क्षेत्रलाई सक्रिय पार्ने र कार्य जिम्मेवारी सुम्पिने<br>▪ आवश्यकता अनुसार आपतकालिन सहयोगको लागि मानवीय सहायोगमा | जिल्ला र स्थानीय तहमा आपतकालिन कार्य संचालन केन्द्र संचालन गर्ने | बजेटको व्यवस्थापन | जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद्व्यवस्थापन समिति | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यकालागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | कार्य गर्ने बिभिन्न पक्ष वा निकायसंग अनुरोध गर्ने | | | | |
| | सर्वेक्षण टोली परिचालन टीम IRA परिचालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति तथा नेपाल रेडक्रस सोसाइटी संग समन्वय गरी सर्वेक्षण टोलीको सम्पर्क विवरण अद्यावधिक गर्ने | भौगोलिक एवं प्राविधिक कठिनाई पर्न सक्ने | जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय र रेडक्रस सोसाइटी | |
| | सूचना डेक्स निर्माण गर्ने | स्थानीय तहका सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने | | जिल्ला प्रशासन, जिल्लासमन्वय समिति र जिल्ला प्रहरी कार्यालय | |
| | स्थानीय स्रोत र साधनको समीक्षा गर्ने | प्रत्येक क्षेत्रसंग उपलब्ध स्थानीय स्रोत र साधनको यकिन गर्ने | स्रोत साधनको अपर्याप्तता | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | प्रकोप प्रभावितको लागि राहत वितरण | जनशक्ति परिचालन गर्ने | वास्तविकप्रभावितको पहिचानमा कठिनाई | जिल्ला विपद् व्यवस्थापन समिति | |
| पहिलो हप्ता | MIRA सर्वेक्षण टोली परिचालन गर्ने | अन्य क्षेत्रसंग समन्वय गरेरMIRA अभिमुखिकरण गर्ने | MIRA अभिमुखिकरण गर्ने दक्ष जनशक्तिको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | सर्वेक्षणका आधारमा कार्य योजना तयार गरी कार्यान्वयन गर्ने | सुरक्षित स्थानको नक्साङ्कन गोदामको नक्साङ्कन | स्रोत साधन एवं भण्डारणको पर्याप्तव्यवस्थापन नहुनु | नेपाल रेडक्रस, बिषयगत कार्यालयहरु | |
| पहिलो महिना | विपद्बाट विस्थापित र घाइतेहरुलाई परिचय पत्र वितरण | परिचय पत्रको छपाई | वास्तविक प्रभावितको पहिचानमा कठिनाई | जिल्ला विपद् व्यवस्थापन समिति | ५० हजार |
| दोस्रो महिना | संकलित तथ्याङ्क बिश्लेषण र सम्प्रेषण गर्ने | तथ्याङ्क विश्लेषणको अभिमुखिकरण | स्रोत व्यक्ति, सही तथ्याङ्कको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति | |
| तेस्रो महिना | प्रभावितहरुको सुरक्षित पुर्नस्थापनाको लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | दिर्घकालीन सुरक्षित स्थानको पहिचान | पहिचान पुर्नस्थापनाको तथा पुर्ननिर्माण रणनीति | जि.वि.व्य.समितिको नेतृत्वमा जिल्ला समन्वय समिति, सुरक्षा निकाय एवं ने.रे.सो. र खानी तथा भूगर्व विभाग | |

## १०.२ खोज तथा उद्धार क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- प्रकोपको लगत्तै उपकरण सहित खोज तथा उद्धार टोली खटाउने,
- जोखिममा परेका समूह तथा जनसंख्यालाई न्यायोचित रूपमा यथाशिघ्रखोज तथा उद्धार गरी सहयोग गर्ने,
- धन तथा जनको सुरक्षा गरी सुरक्षित जीवनको प्रत्याभूती गराउने,
- अन्य क्षेत्रसंग समन्वय गरी राहत सामग्री वितरणमा सहयोग गर्ने,
- घाइते, अशक्त, असहाय, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धालाई प्राथमिकताका साथ सुरक्षित स्थानान्तरण गर्ने ।

**मुख्य विपद्को किसिमः** बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चटयाङ, वन्यजन्तुको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** विपद् प्रभावितहरुको जनधनको खोज तथा उद्धार गरी सहज तरिकाले सुरक्षित स्थान सम्म पुऱ्याउने र मृतक मानव शरिर तथा पशुपन्छि व्यव्स्थापन गर्ने ।

**योजनाको समष्टिगत उद्देश्यः**

- विपद् प्रभावितहरुलाई बिना भेदभाव उद्धार गरी सुरक्षित तवरले व्यवस्थापन गर्ने,
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु,
- प्रभावितहरुको तत्काल जीवन बचाउनु,
- सम्भावित मानवीय क्षति कम गर्नु,
- सुरक्षित स्थानको खोजी गर्नु ,
- मृतक मानव शरिर तथा पशुपन्छि व्यव्स्थापन गरी संक्रमणको जोखिन न्यूनीकरण गर्ने ।

**खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्वोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्वोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | खोज तथा उद्धार क्षेत्रको आपतकालिन समन्वय बैठक आयोजना गर्ने<br>• विपद्जन्य स्थलतर्फ खोजतलास तथा उद्धार टोली परिचालन गर्ने<br>• प्रभावित स्थलको पहिचानर प्राथमिकता निर्धारण गर्ने<br>• स्थानीय तहसंग समन्वय गरी खोज तथा उद्धार गर्ने<br>• सम्बन्धित अन्य निकाय संग समन्वय गर्ने | आपतकालिन नं १०० लाई २४ सै घण्टा खुला राख्ने, खोज तथा उद्धार सामग्रीको पूर्व भण्डारण गर्ने, जिल्ला विपद् व्यवस्थापन समिति मा आपतकालिन कोष खडा गर्ने, स्थानीय स्तरमा खोज तथा उद्धार सामग्रीको विवरण राख्ने | • आवश्यक मात्रामा खोज तथा उद्धार सामग्री नहुनु<br>• सूचना प्रवाहमा ढिलाई,<br>• भौगोलिक विकटताको कारण समयमै घटना स्थलमा पुग्न कठिनाई | जिल्ला विपद् व्यवस्थापन समिति खोज खोज तथा उद्धार क्षेत्र तथा मानवीय सहयोगी संस्थाहरु र सुरक्षा निकाय एवं रेडक्रस | प्रकोप अनुसार लागत थप हुनसक्ने जि.वि.व्य.स. को कोष स्थापना गर्ने र स्थापित कोषबाट खर्च व्यवस्थापन गर्ने |
| | तत्काल प्रकोप न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्ने | तालिम प्राप्त जनशक्ति तयार गर्न तालिम र पूर्व | स्रोत साधनको कमी | खोज तथा उद्धार क्षेत्र | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | साथै, मृतक मानव शरिर तथा पशुपन्छि व्यवस्थापन गर्ने | अभ्यास गर्ने | | | |
| दोस्रो दिन | महत्वपूर्ण आवश्यक स्रोत/साधनको उपलब्धता यकिन गर्ने र आवश्यक सहयोगको माग गर्ने | आवश्यक सामग्रीको पूर्व भण्डारण गर्ने | स्रोत साधनको अपर्याप्तता | जिल्ला विपद् व्यवस्थापन समिति | |
| पहिलो हप्ता | प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | सुरक्षित स्थानको पहिचान गरी राख्ने | सुरक्षित स्थानको उपलब्धताको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति | |
| | राहत सामग्री वितरण कार्यमा सहयोग गर्ने | आवश्यक राहत सामग्रीको पूर्व भण्डारण गर्ने | आवश्यकताको लेखाजोखा तथा खाडल पहिचान | जिल्ला विपद् व्यवस्थापन समिति र रेडक्रस | |
| पहिलो महिना | विस्थापित शिविरमा शान्ति सुरक्षा कायम गर्ने | मनोपरामर्श सेवा र योगा कक्षा सञ्चालन गर्ने | मनोपरामर्श कर्ता र योग गुरुहरुको अभाव | सुरक्षा निकाय र संरक्षण क्षेत्र | |
| दोस्रो महिना | प्रभावितहरुलाई पुर्ननिर्माण एवं पुर्नस्थापना गर्न सहयोग गर्ने | सरोकारवाला निकायहरु संग समन्वय गर्ने | स्रोत साधनको कमी | क्षेत्रगत सबै निकाय | प्रकोप र क्षतिको प्रकृति अनुसार निर्धारण हुने |
| तेस्रो महिना | प्रभावितहरुलाई पुर्नस्थापना गरी टोली फिर्ता हुने | | | क्षेत्रगत सबै निकाय | |

**११.३ खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्र**

**मानवीय सहयोगका मापदण्ड :**

- प्रतिव्यक्ति प्रतिदिन न्युनतम २३०० किलो क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्न उपलब्ध हुनु पर्ने,
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने,
- निश्चित समूहका व्यक्तिहरूका (साना केटाकेटी, एच.आई.भी भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरीक, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था हुनु पर्ने ।

**स्फेयरमा मापदण्ड बमोजिम उपलब्ध खाद्य सामग्रीः**

चामल प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम, दाल प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, बनस्पति तेल प्रतिदिन प्रतिव्यक्ति २५ मिलि, नुन प्रतिदिन प्रतिव्यक्ति ३ ग्राम, चिउरा तथा नुडल १०० घरधुरीका लागि उपलब्ध खाद्य सामग्री स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ तर पनि सुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा वितरण गरिनु पर्दछ।

**मुख्य विपद्को किसिमः** बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चटयाङ, वन्यजन्तु आंतक र सुख्खा खडेरी।

**उद्देश्यः** जीवन रक्षा सम्बन्धी रणनीतिहरूका लागि आवश्यकताको पूर्ति गर्न खाद्य सम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने।

**योजनाको समष्टिगत उद्देश्यः** प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवम् जीवनलाई निरन्तरता प्रदान गर्ने ।

**खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्रको प्रतिकार्य योजनाः**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्रको समन्वय बैठकको आयोजना गर्ने<br>✓ जि.वि.व्य.स.को बैठकमा सहभागी<br>✓ जानकारी संकलन गर्ने<br>✓ परिस्थिति विश्लेषण<br>✓ तयारी खाना वितरणका लागि कार्ययोजना तयार गर्ने | आपतकालिन योजना अद्यावधिक गर्ने | मानवीय र भौतिक स्रोतको कमी | स्थानीय तह, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी | |
| | सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट क्षतिबारे जानकारी लिने | स्थानीय तहको कृषि शाखाहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | जनशक्तिको कमी | कृषि ज्ञान केन्दर स्थानीय तह | |
| | विस्थापितहरुको लागि पहिलो ७ दिनसम्मको लागि तयारी खाना (चाउचाउ, चिउरा, भुजा, विस्कुट, भेली, नुन) वितरण गर्ने | आवश्यक तयारी खाद्य सामग्रीको पूर्व भण्डारण, खाद्य सामग्री बिक्रेताको नक्साङ्कन गर्ने | उपयुक्त गोदाम नहुन | स्थानीय तह, उद्योग वाणिज्य संघ | |
| दोस्रो दिन | स्थानीय स्रोत र साधनको समीक्षा गर्ने | प्रत्येक क्षेत्रसंग उपलब्ध स्थानीय स्रोत र साधनको नक्साङ्कन गर्ने | | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | |
| पहिलो हप्ता | MIRA सर्वेक्षण टोली परिचालन, आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्था र भण्डारण गर्ने | अन्य क्षेत्रसंग समन्वय गरेर MIRA तालिम आयोजना गर्ने, गोदाम तथा वितरण केन्द्रहरुको नक्साङ्कन गर्ने | जनशक्तिको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति, उद्योग वाणिज्य संघ | |
| पहिलो महिना | स्वास्थ्य तथा पोषण क्षेत्रसंग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, गर्भवती र सुत्केरी महिलालाई पौष्टिक आहार वितरण गर्ने | आवश्यक सामग्री जुटाउन | स्रोतको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विभिन्न क्षेत्रहरु | |

खाद्य सुरक्षा तथा गुणस्तर क्षेत्रका लागि चाहिने अनुमानित बजेट निम्नानुसार छुट्याइएको छ ।

| क.सं. | गतिविधि | इकाई | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | समन्वय बैठकको आयोजना | पटक | आवश्यकता अनुसार | | |
| २ | खाद्य सामग्री भण्डारणका लागि उचित स्थानको व्यवस्था | महिना | आवश्यकता अनुसार | | |
| ३ | खाद्य सामग्री ढुवानीका लागि गाडीको व्यवस्थापन | पटक | आवश्यकता अनुसार | | |
| ४ | मानवीय सहयोगका लागि आपतकालिन आवश्यक पर्ने खाद्य सामग्री १०० घरधुरीका लागि (प्रति घरधुरी औषत ५ जना) ७ दिन सम्म | | | | |
| | दालमोठ प्रति दिन प्रति व्यक्ति १०० ग्रामका दरले | कि.ग्रा. | ५००प्रति दिन | | |
| | चिउरा प्रति दिन प्रति व्यक्ति ३०० ग्रामका दरले | कि.ग्रा. | १५० प्रति दिन | | |
| | भुजा प्रति दिन प्रति व्यक्ति १०० ग्रामका दरले | कि.ग्रा. | ५० प्रति दिन | | |
| | बिस्कुट प्रति दिन प्रति व्यक्ति ५० ग्रामका दरले | कि.ग्रा. | २५ प्रति दिन | | |
| | नुन प्रति दिन प्रति व्यक्ति ३ ग्रामका दरले | कि.ग्रा. | १.५ प्रति दिन | | |

### १०.४ आपतकालिन आवास तथा गैरखाद्य सामग्री क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- औसतमा एक व्यक्तिका लागि ३x५-४x५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध गराउने, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४×५ मिटरको डोरी सहितको प्लास्टिक सिट र साहायता सामग्री उपलब्ध हुनेछ,
- कम्बलमा विपद् प्रभावित मानिसहरूको पर्याप्त पहुँच हुनेछ,
- दुई वर्ष सम्मका बालबालिकाहरूका लागि कम्तिमा पनि एक पूरा सेट कपडा हुनेछ,
- महिला, किशोरकिशोरी, पुरूषहरुको लागि कम्तिमा पनि एक पूरा सेट कपडा हुनेछ, यसका अतिरिक्तमहिला तथा किशोरीहरूका लागि नियमित सरसफाई सम्बन्धी सामग्रीको आपूर्ति भएको हुनेछ,
- प्रभावित मानिसहरूसंग एक सेट भाँडा सहित उपयुक्त घरायसी सामग्री हुनेछ,
- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति तयार भइ कार्यान्वयन भएको हुनेछ,
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा स्थानको पहिचान गर्नु पर्दछ । स्थान सुरक्षित तथाSPHERE को मापदण्ड अनुसार हुनुपर्छ,
- विद्यालय तथा सार्वजनिक स्थलहरूसंग अग्रिम रूपमा नै समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्दछ,
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनु पर्दछ,
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड अद्यावधिक भएको हुनेछ,
- नागरीक समाज, स्थानीय सरकार तथा सम्बन्धित सरोकारवालाहरुसंगको परामर्शमा शिविरको स्थापना,
- गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागि विषेश अस्थायी टेण्ट र अत्यावश्यक सामग्री जस्तो मर्यादा सामग्री, हाइजिन किट, न्यानो कपडा, ओड्ने कम्बल, झुलको व्यवस्था र त्यसमा उनीहरुको पहुँच हुनेछ ।

**मुख्य विपद्को किसिमः** बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, वन्यजन्तु आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगतउद्देश्यः**

- जलवायुको प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसंग छाना भएका पर्याप्त ठाउँ हुनेछन्,

- जलवायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसंग पर्याप्त कम्बल एवं लुगा हुनेछन्,
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि साधनहरूमा परिवारहरूको पहुँच पुग्नेछ ।

**योजनाको समष्टिगत उद्देश्यः**

**आवासः** नेपाल को संविधान २०७२ को मौलिक हक अन्तर्गत आवासको हक हुने छ भनिएको र सोहि अनुरुप विपद् प्रभावितलाई सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्रासिका लागि भौतिक एवम् प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढी भन्दा बढी आत्मनिर्भरता तथा स्व-व्यवस्थापनमा जोड दिइनेछ ।

**शिविर समन्वय तथा शिविर व्यवस्थापनः** प्राकृतिक विपद्का कारणले विस्थापित मानिसहरूका निमित्त स्थायी समाधानको खोजीका लागि पर्यत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम बनाउनका निमित्त शिविरहरूमा सरोकारवालाहरुको जीवन स्तरमा सुधार ल्याउने ।

आपतकालिन आवास तथा गैरखाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थामा सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला वि.व्य.स.को बैठकमा सहभागि, बिषयगत क्षेत्र बैठकको समय तोक्ने, प्रदेश तथा केन्द्रिय कार्यालयलाई जानकारी गराउने, आ-आफ्नो क्षेत्रबाट क्षतिको विवरणको प्रारम्भिक आँकलन संकलन गर्ने | सम्पर्क व्यक्ति तोक्ने, सदस्यहरुको सम्पर्क सूची तयारी गर्ने | क्षेत्रका सदस्यहरुको समय व्यवस्थापनमा कठिनाइ | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह | |
| | प्रभावित क्षेत्रको निरीक्षण | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) टोली खटाइ विवरण अद्यावधिक गर्ने | जनशक्तिको अभाव | सम्बन्धित स्थानीय तह | |
| दोस्रो दिन | खोज तथा उद्धार टोलीसंग समन्वय गरी गैर खाद्य राहत सामग्री व्यवस्थापन, प्राथमिक उपचार, अस्थाइ आवास व्यवस्थापन गर्ने | आवश्यक सामग्रीको व्यवस्था | खोज तथा उद्धार सामग्री, व्यक्तिगत सुरक्षाका सामग्रीको अभाव | रेडक्रस, स्थानीय तह | |
| | बिषयगत क्षेत्रले आपतकालिन आवासको लागि तोकिएको स्थानको अवलोकन, राहत सामग्री वितरण गर्ने | आपतकालिन आश्रय स्थल नक्साङ्कन, पूर्व भण्डारण तथा संस्थाहरुको स्रोत साधन आँकलन | गैर खाद्य सामग्री तथा भण्डारणको अभाव | स्थानीय तह, जिल्ला समन्वय समिति | |
| पहिलो हप्ता | आपतकालिन आवास निर्माण तथा थप सामग्री व्यवस्थापन | पूर्व भण्डारण दक्ष, जनशक्ति व्यवस्थापन | स्रोत साधनको अभाव | प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय तह | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थामा सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | प्रत्येक पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | विस्थापित परिवारहरुको दर्ता | जनशक्तिको विवरण व्यवस्थापन | जनशक्तिको अभाव | स्थानीय तह र सुरक्षा निकाय | |
| | क्षेत्रगत विवरण तथा आवश्यकता पहिचान | दक्ष जनशक्ति अद्यावधिक गर्ने | जनशक्तिको अभाव | स्थानीय तह, क्षेत्रगत सदस्यहरु | |
| | आपतकालिन आवासमा रहेका विस्थापित परिवारहरुलाई गैर खाद्य राहत सामग्री वितरण | अग्रीम भण्डारण | गैर खाद्य सामग्रीको अभाव | स्थानीय तह, सुरक्षा निकाय | |
| पहिलो महिना | पहिलो हप्ता गरिएको कार्यलाई निरन्तरता | माथि लेखिए अनुसार | माथि लेखिएको अनुसार | माथि लेखिए अनुसार | |
| | पूर्नस्थापना गरिएका विस्थापित परिवारहरुको विवरण संकलन (बाढी र भुकम्पको हकमा) | विवरण संकलन फारम छपाई | विवरण संकलन नभएको, फारम निर्माण नभएका | स्थानीय तह | |

### १०.५ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वद्धन क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- बैतडी जिल्लामा विपद् पछि पहिलो हप्तासम्म पाइपद्वारा वा जिल्ला, स्थानीय तहको समन्वयमा डिभिजन खानेपानी कार्यालयसंग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने ट्याङ्की वा अन्य माध्यम द्वारा प्रभावित क्षेत्रमा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुर्‍याउने,
- शिविरमा बस्ने विस्थापित, घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तीहरुका लागि पानी संकलन गर्ने बाल्टिन र ३० दिन सम्मका लागि खानेपानी शुद्ध गर्ने चक्की, पियूष, अक्वा ट्याबलेट अथवा वाटर गार्ड उपलब्ध गराउने, खानेपानी शुद्धीकरण गर्ने र सोडिस विधिबारे जानकारी गराउने,
- शिविरमा बसोवास गर्ने विस्थापितका लागि उपयुक्त सरसफाइ एवम् महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी हरेक ३० व्यक्तिका लागि एक चर्पीनिर्माण गर्ने,
- शिविरमा बसोवास गर्ने प्रभावित मानिसहरूलाई स्वास्थ्य कार्यालय तथा खानेपानी डिभिजन कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्था, महिला, सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसंग मिली स्वास्थ्य सम्बन्धी किट वितरण गर्ने र स्वास्थ्य सरसफाइ प्रवद्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्धीकरणका उचित तरिका र साबुनले हात धुने क्रियाकलाप) सञ्चालन गर्ने,
- विस्थापितहरुको बसोवास अनुसार प्रति १० परिवार १ भाँडो (१०० लिटर) फोहोरहरु फाल्ने भाँडाको व्यवस्था गर्ने,
- पानी जम्मा गर्ने भाँडाहरु १० देखि २० लिटरको २ वटा भाँडाहरु प्रति परिवार उपलब्ध गराउने,
- विस्थापित क्षेत्रमा प्रति २०० परिवारमा १ जनाका दरले स्वयंसेवक परिचालन गर्ने ।

**मुख्य विपद्को किसिमः** पहिरो, बाढी, महामारी, भूकम्प, आगलागी, असिना, हावाहुरी चट्याङर सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सर-सफाइसंग सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिवारलाई बचाउने ।

योजनाको समष्टिगत उद्देश्य :

- विस्थापित समुदाय खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवम् नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसंग सम्बन्धित व्यवहारिक प्रचलनहरुका बारेमा उचितरूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएको र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा-सुग्घर कायम गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | WASH Cluster को बैठकको आयोजना गर्ने, सरोकारवालाहरु संग समन्वय गर्ने, सूचना संकलन तथा परस्थितिलाई अद्यावधिक गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | समय व्यवस्थापनमा कठिनाई | जिल्ला तथा स्थानीय WASH Cluster | |
| दोश्रो दिन | स्वयंम सेवक परिचालन गर्ने | | | जिल्ला तथा स्थानीय WASH Cluster | |
| पहिलो हप्ता | विस्थापितहरुलाई स्वास्थ्य सरसफाइ किट वितरण गर्ने | पूर्व भण्डारण तथा स्रोत नक्साङ्कन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएको | जिल्ला तथा स्थानीय WASH Cluster | |
| | जि.वि.व्य.समितिसंग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन | बहुप्रकोप सन्दर्भमा MIRA निर्माण | बहुप्रकोप सन्दर्भमा MIRA निर्माणको लागि आवश्यक जनशक्ति नभएको | जिल्ला तथा स्थानीय WASH Cluster | |
| | विस्थापितहरुको शिविरमा अस्थायी चर्पी, तथा खानेपानी व्यवस्था गर्ने | जनशक्ति र श्रोत व्यवस्थापन | आवश्यक पर्ने सामग्रीको पूर्व भण्डारण नभएको, स्रोत साधनको कमी | जिल्ला तथा स्थानीय WASH Cluster, खा.पा. तथा सरसफाई डिभिजन कार्यालय | |
| | विस्थापित शिविरमा फोहर व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गर्ने गराउने | जनशक्ति व्यवस्थापन | जनशक्तिको अभाव | जिल्ला तथा स्थानीय WASH Cluster | |
| पहिलो महिना | प्रभावित विद्यालय, स्वास्थ्य संस्था र सार्वजनीक स्थानका चर्पी र पानीका धाराहरुको मर्मत गरी पानी सुचारु गर्ने | शिक्षा र स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्ने | स्रोत साधनको अभाव | जिल्ला तथा स्थानीय WASH Cluster खा.पा. तथा सरसफाई | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | | | डिभिजन कार्यालय | |
| | स्वास्थ्य तथा पोषण क्षेत्रसंग समन्वय गरी स्वास्थ्य र सरसफाइ बारे सचेतना कार्यक्रम गर्ने | कर्मचारी तथा स्वयंसेवक पहिचान गरी परिचालन गर्ने | जनशक्तिको अभाव | जिल्ला तथा स्थानीय WASH Cluster | |
| दोस्रो महिना | Hygiene Promotion को लागि माइकिङ, एफ.एम., पोस्टर, सडक नाटक आदिबाट प्रचार प्रसार गर्ने | सूचना सामग्री तयार गर्ने | | जिल्ला तथा स्थानीय WASH Cluster | |

**खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको लागि आवश्यक सामग्री तथा अनुमानित बजेट**

**प्रथम चरणः** तत्काल उपलब्ध गराइने राहत सामग्री

| क.सं. | सामग्री | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | प्लास्टिक जर्किन (२० लिटर) र २ वटा जग आवश्यकता अनुसार बढीमा | १००० | | |
| २ | प्लास्टिक बाल्टिन २० लिटरको बिर्को समेत र २ वटा जग | १००० | | |
| ३ | लुगा धुने साबुन | १००० | | |
| ४ | नुहाउने साबुन | १००० | | |
| ५ | पानी शुद्धिकरण गर्ने सामग्री(ब्लिचिङ पाउडर, पियुस) | १०,००० | | |
| ६ | Hygiene Kits | १००० | | |
| ७ | Sanitary Pads | १००० | | |
| ८ | साधारण खाल्डे चर्पी | १००० | | |
| ९ | धारा मर्मत | १००० | | |
| १० | सेनीटाइजर, ग्लोब्ज, मास्क | २०००० | | |
| ११ | Handwash stationको स्थापना | आवश्यकता अनुसार | | |
| १२ | Waste water management | आवश्यकता अनुसार | | |

**दोश्रो चरणः**सेवा सुविधा विस्तार

| क.सं. | सामग्री | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | प्लाष्टिक पानी ट्याङ्की १००० लिटरको आवश्यक सामग्री सहित | ५० | | |
| २ | साधारण खाल्डे चर्पी (वाटरसिल प्यान) यसको निर्माण पछि प्रथम चरणको चर्पी पुरिने छ | १,००० | | |
| ३ | पानी शुद्धिकरण गर्ने सामग्री | ५,००० | | |
| ४ | सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम | ३० | | |
| ५ | water supply pipe | १००० मिटर | | |

## १०.६ स्वास्थ्य तथा पोषणक्षेत्र

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बैतडी

### मानवीय सहयोगका मापदण्ड

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य निगरानी शुरु हुनेछ,
- समुदाय स्तरमा रोग तथा चोटपटकको व्यवस्थापनको लागी विद्यमान स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट तत्काल उपचार एवम् थप उपचारका लागी माथिल्लो उपचार केन्द्रमा प्रेषण गरी आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ,
- सिफारिस गरी पठाइने प्रेषण केन्द्रहरूमा पुग्नका निमित्त घाईते तथा बिरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ,
- घाइते तथा बिरामीहरुलाई वर्गीकरण गरिनेछ र रातो, पहेंलो, हरियो तथा कालो रङको ट्याग लगाइनेछ र सोहि अनुरुप उपचारको व्यवस्था मिलाइनेछ,
- अस्थाइ शिविरहरुमा परिवार योजनाका अस्थाइ साधनहरुको प्रवन्ध मिलाईने छ,
- प्रभावितलाई आवश्यकतानुसार मनोसामाजिक परामर्श प्रदान गरिने छ।

**मुख्य विपद्को किसिमः** बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चट्याङ, वन्यजन्तुको आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** जस्तोसुकै आपतकालिन अवस्थामा पनि मानव जीवन सुरक्षा तथा कल्याण, खास गरी एकदमै जोखिममा रहेका समूहको (बालबालिका, किशोरकिशोरी, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका ब्यक्ति, बृद्धबृद्धाहरु) स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

### योजनाको समष्टिगत उद्देश्यः

स्वास्थ्यः

- झाडापखाला जन्य सरुवा रोग तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य शाखालाई सहयोग गर्ने,
- प्रारम्भिक द्रुत लेखाजोखा संग एकीकृत गरी स्वास्थ्य तथा पोषण सम्बन्धीअवस्था र सेवाहरूको सर्वेक्षण क्षमतालाई सुदृढ गर्ने,
- रोग फैलिन गएको खण्डमा प्रतिकार्य तथा लेखाजोखाका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तथा पर्याप्त अत्यावश्यक सामग्रीको आपूर्ति सुनिश्चित गरी स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा राख्ने,
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न एवं अर्को निकायमा पठाउने प्रेषण संयन्त्रको विकास गर्न स्वास्थ्य कार्यालय तथा स्थानीय तह स्वास्थ्य शाखालाई सहयोग पुर्‍याउने, पर्याप्त आपतकालिन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने,
- भिटामिन ए, जुकाको औषधि, परिवार नियोजन र खोप कार्यक्रमलाई नियमित रुपमा संचालन गर्न जिल्ला तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्ने ।

पोषणः

- बिस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रममा पहुँचको माध्यमबाट गर्भवती, सुत्केरी तथा दूध खुवाउने महिला एवं पाँच वर्ष मुनिका बालबालिकाहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला तथा स्थानीय तहलाई सहयोग गर्ने,
- कडा शिघ्र कुपोषणको उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्ने,
- निरन्तर स्तनपान प्रर्वद्धन गर्ने र आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु बिक्री वितरण नियमन गर्ने,
- जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिका लागि आपतकालिन पोषण व्यवस्था गर्ने ।

स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | • परिस्थितिको विश्लेषण गर्न विषयगत क्षेत्रको समन्वय बैठक आयोजना गर्ने, <br>• जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य योजनाको जानकारी गराउने, <br>• RRT लाई प्रतिकार्य योजनाको जानकारी दिने, भूमिका र जिम्मेवारी बाँडफाँड तथा कार्यक्षेत्रको निर्धारण गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | जनशक्तिको कमी, छिटो र भरपर्दो सञ्चार साधनको अपर्याप्तता र RRT लाई विशेष तालिम तथा अनुभवको अभाव | स्वास्थ्य कार्यालय तथा स्थानीय तह स्वास्थ्य शाखा | |
| दोस्रो दिन | स्वयंसेवक तथा RRT परिचालन | स्वयं सेवकहरुको सूची तयार गर्ने | RRT लाई विशेष तालिम तथा अनुभव नहुनु | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा र रेडक्रस | |
| | अस्थाइ स्वास्थ्य शिविर सञ्चालन गर्ने | आवश्यक सामग्री पूर्व भण्डारण गर्ने | पर्याप्त साधन स्रोतको कमी | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा र रेडक्रस | |
| पहिलो हप्ता | गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मुनिका बालबालिका, जेष्ठ नागरीक र अपाङ्गता भएका व्यक्तिहरु, दिर्घरोगीहरुका लागि झाडापखाला, श्वासप्रश्वास रोग, कीटजन्य रोग र परिवार योजना सेवा नियमित/विशेष कार्यक्रम संचालन तथा प्राथमिकता दिने | आवश्यक सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | पर्याप्त साधन स्रोतको कमी | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा र रेडक्रस | |
| पहिलो महिना | संरक्षण क्षेत्रसंग समन्वय गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | संरक्षण क्षेत्रमा संलग्न सम्पूर्ण निकायहरुको सम्पर्क सुची तयार गरी राख्ने, मनोसामाजिक परामर्शकर्ताहरुको सूची तयार गरी सम्पर्क गर्ने | व्यवसायिक मनोसामाजिक परामर्शकर्ताको कमी | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, स्थानीय तह सामाजिक शाखा, स्वास्थ्य शाखा | |
| | गाउँघर क्लिनिक तथा खोप क्लिनिक नियमित संचालन गर्ने | सामग्री तथा जनशक्तिको पूर्व व्यवस्थापन | औषधी, उपकरण र स्वास्थ्यकर्मीको अभाव | स्वास्थ्य कार्यालय, स्थानीय तह | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| दोस्रो महिना | स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गर्ने | IEC सामग्रीको प्रकासन, छपाइ, प्रशारण तथा व्यवस्थापन गर्ने | स्रोत साधनको अभाव | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा | |
| | खानेपानी, संरक्षण, शिक्षा क्षेत्रहरुसंग समन्वय गरी पुर्नस्थापना कार्यमा स्वास्थ्य सम्बन्धी सहयोग गर्ने | सम्बन्धित क्लस्टर सदस्यहरुको सम्पर्क सूची अद्यावधिक गरी राख्ने | | स्थानीय तह स्वास्थ्य शाखा र स्वास्थ्य कार्यालय | |

## १०.७ शिक्षा क्षेत्र

### मानवीय सहयोगका मापदण्ड

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा सञ्चालन गर्ने,
- शिक्षा विकास तथा समन्वय इकाई तथा स्थानीय शिक्षा शाखा र स्थानीय क्षेत्रगत सदस्यहरू सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त अस्थायी रूपमा सिक्ने स्थान पत्ता लगाउने र व्यवस्थापन गर्ने,
- सम्भव भएसम्म यथाशिघ्र चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ता भित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधार सहित विद्यालय जाने बालबालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने स्थान तथा स-साना बालबालिकाहरूका लागि सुरक्षित स्थान खडा गर्ने र अस्थायी टहरा स्थानीय सामग्री प्रयोग गरी निर्माण गर्न लगाउने,
- विद्यालयहरू पुनः सुचारु गराएर, शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर, अर्ध-संरचनागत मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षा तथा विद्यार्थीहरूको पुनः एकिकरण प्रारम्भ गर्ने,
- विद्यालय बाहिर रहेका बालबालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने स्थानमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने,
- प्रभावित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा सबलीकरण पार्दै लैजाने,
- प्रकोप प्रभावित बिद्यालयमा विद्यार्थी, अभिभावक र शिक्षकहरुका लागि हौसला र उत्प्रेरणा बढाउने।

**मुख्य विपद्को किसिमः** संक्रामक रोग जस्तैः बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, वन्यजन्तु आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवम् स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाहरुको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने,
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा बालबालिकाहरु र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

योजनाको समष्टिगत उद्देश्यः

- विपद्‌बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिका तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवम् सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूले सहयोग उपलब्ध गराउने,
- प्रभावकारी आपतकालिन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान-प्रदान सुनिश्चित गर्ने,
- आपतकालिन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने सम्पर्क व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने,
- द्रुत तथा चालु शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिनेछ भन्ने कुरा सुनिश्चित गर्ने र आपतकालिन परिस्थितिमा रहेका बालबालिकाहरुको शिक्षाका निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख प्रतिवद्धताहरू र न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने, आपतकालिन परिस्थितिमा प्रतिकार्य उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार निकाय तथा क्षेत्रहरूसंग सम्बन्ध स्थापना गरी त्यसलाई सुदृढ गर्ने।

शिक्षा क्षेत्रको प्रतिकार्य योजना

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्व तयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | क्षेत्रको समन्वय बैठक, जिम्मेवारी बाँडफाँट, सूचना तथा जानकारी संकलन, प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | समय व्यवस्थापनमा कठिनाई | शिक्षा विकास तथा समन्वय इकाई तथा स्थानीय शिक्षा शाखा र बिद्यालय | |
| दोस्रो दिन | प्रभावित विद्यार्थी एवम् शिक्षकहरुलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, आपतकालिन आवास तथा गैर खाद्य सामग्री क्षेत्रसंग समन्वय गर्ने | प्रभावित क्षेत्रको अनुगमन गर्ने, शिक्षकहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | विद्यार्थीहरुमा मनोसामाजिक प्रभाव | शिक्षा विकास तथा समन्वय इकाई तथा स्थानीय शिक्षा शाखा र बिद्यालय | |
| पहिलो हप्ता | प्रभावितहरुलाई राहत बितरणको लागि सम्पर्क र समन्वय गर्ने | प्रभावित क्षेत्रको अनुगमन, शिक्षकहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | सुचना र तथ्याङ्को अभाव | शिक्षा विकास तथा समन्वय इकाईतथा स्थानीय शिक्षा शाखा र बिद्यालय | |
| | जि.बि.व्य.समितिसंग समन्वय गरी MIRA सर्वेक्षणका टोली परिचालन गर्ने | भूकम्प र बाढी पहिरोको सन्दर्भमा MIRA निर्माण | जनश्क्तिको अभाव | जि.वि.व्य. समिति तथा स्था.बि.व्य. समिति | |
| पहिलो महिना | अध्ययन केन्द्र सञ्चालन गर्न वा भत्केका विद्यालयको पुनर्निर्माण गर्ने, पुनर्निर्माण गर्न नसके प्रदेश तथा संघीय सरकारमा सिफारिस गर्ने | भत्केका विद्यालयको विवरण तयार गर्ने, पुर्निमाणको कार्य योजना बनाउने | स्रोत साधनको अभाव | शिक्षा विकास तथा समन्वय ईकाइ तथा स्थानीय शिक्षा शाखा र बिद्यालय | क्षतिको प्रकृति अनुसार |
| दोस्रो महिना | अस्थायी अध्ययन केन्द्रमा खाजा, औषधिको व्यवस्थापन गर्ने | IEC छपाइ र अन्य व्यवस्थापन गर्ने | स्रोत साधनको अभाव | शिक्षा विकास तथा समन्वय इकाई तथा स्थानीय शिक्षा | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्व तयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | | | शाखा र बिधालय | |

१०.८ कृषि तथा जिविकोपार्जन क्षेत्र :

मानवीय सहायता मापदण्डः

- विपद्‌बाट क्षति भएको कृषियोग्य जमिन र सिचाइका पूर्वाधारहरुको विवरण संकलन गरी अद्यावधिक र पुनर्निर्माण कार्य सञ्चालन भएको हुनेछ,
- मृतक जनावरहरुको सिनो व्यवस्थापन र घाइते जनावरहरुको उपचार भएको हुनेछ।

**मुख्य विपद्को किसिमः**बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हावाहुरी चटयाङ, वन्यजन्तुको आंतक र सुख्खा खडेरी ।

**बिषयगत क्षेत्रको उद्देश्यः**कृषि एवं जिविकोपार्जन क्षेत्रको निर्माण गर्नुको मुख्य उद्धेश्य विपद्वाट प्रभावित व्यक्तिहरूका लागि समयमा नै कृषि सेवाको उपलब्धता तथा पहुंचको सुनश्चितता गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्नुका साथै विपद् पश्चात उपयूक्त जिविकोपार्जनका विविध गतिबिधिहरु सञ्चालनका लागि प्रभावितहरुलाई आवश्यक सहयोग प्रदान गर्नु रहेको छ ।

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | कृषि तथा जीविकोपार्जन क्षेत्रको आपतकालिन बैठक बस्ने, जि.वि.व्य.समितिसंग समन्वय गर्ने | नियमित बैठक बसी समस्या पहिचान गर्ने | क्षेत्र सदस्यहरुको समय व्यवस्थापनमा कठिनाइ | कृषि ज्ञान केन्द्र | |
| दोश्रो दिन | विपद् सम्बन्धी सूचना संकलन गर्ने | भौतिक तथा मानविय संरचना परिचालन गर्ने आवशयक संयन्त्र पचिालन | सूचना संकलन फारामको अभाव मानबीयस्रोतको अभाव | कृषि ज्ञान केन्द्र | |
| पहिलो हफ्ता | सरोकारवालाहरु संगको समन्वयमा द्रुत विस्तृत सर्वेक्षण गर्ने | क्षतिको विवरण संकलन गर्नको लागि एकिकृत टोली गठन गर्ने र तालिम दिने | मानवीयर आर्थिक स्रोतको अभाव | कृषि ज्ञान केन्द्र | |
| | पशुको सिनो गाड्ने/ जलाउने | आवश्यकसामाग्री भण्डारण गर्ने र संचय गर्ने | मानवीयस्रोतको अभाव | भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | |
| पहिलो महिना | लेखाजोखा विश्लेषण गरि प्रतिवेदन तयार गर्ने र सरोकारवाला सबैलाई जानकारी गराउने | प्रत्येक क्षेत्रहरुसंग बैठक बसी उपलब्ध हुनसक्ने साधनको नक्शाकंन साथै स्रोतको निश्चितता गर्ने | | कृषि ज्ञान केन्द्र | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| दोश्रो महिना | अनुगमन तथा सुपरिवेक्षण गर्ने | पूर्वतयारी गतिविधिहरुको अनुगमन कार्ययोजना तयार गर्ने, अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरी जिल्लाविपद् व्यवस्थापन समितिमा पेश गर्ने | मानवीय र आर्थिक स्रोतको अभाव | कृषि ज्ञान केन्द्र | |
| | नियमित पशु स्वास्थ्य उपचार गर्ने | औषधि तथा खोपहरु भण्डार तथा संचित रसमन्वय गर्ने | | भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | |
| | भत्केका सिंचाई कुलो पुनरनिर्माण गर्ने | सरोकारवाला रप्रदेश सरकारसंग समन्वयगर्ने, | आर्थिक अभाव | जलश्रोत तथा सिचाई डिभिजन कार्यालय | |
| | जीविकोपार्जनका कार्यक्रमहरु संचालन गर्ने | सरोकारवालाहरु संग समन्वय गर्नेकार्यक्रमको योजना तयार गर्ने | आर्थिक अभाव | कृषि ज्ञान केन्द्र | |

### १०.९ संरक्षण क्षेत्र

**मानवीय सहयोगका मापदण्ड**

- संरक्षण समूहको क्षमतामा बृद्धि गर्ने र स्रोत व्यवस्थापन गर्ने,
- प्रभावित जनसमुदायको कुनैपनि अधिकारको उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने,
- महिला हिंसा न्यूनीकरणका लागि जनचेतना जगाउने,
- मानव अधिकारको संरक्षण गर्ने,
- विभिन्न समुदायका सदस्यहरुबाट विशेषतः अति गरीव तथा पछाडी पारिएका समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुविधामा समान पहुँच प्रतिकार्य पाए/नपाएको अनुगमन गर्ने,
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा विपद्मा परेका व्यक्तिहरुको दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने,
- बालमैत्री स्थान लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने,
- शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनोसामाजिक सहयोगलाई एकीकरण गर्ने,
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने,
- बिछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू खास गरी पाँच वर्षको उमेर भन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने,
- परिवारबाट बिछोडिएका तथा साथ नभएका बालबालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तै परिवार नभएका, वृद्ध, अपाङ्गता भएका व्यक्ति, किशोरी, गर्भवती सुत्केरी महिला तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (आवास तथा अन्य सेवाको व्यवस्था),
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने,

- पुर्नस्थापना कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरुलाई संलग्न बनाउन प्रयास गर्ने,
- शिविर तथा पुर्नवासका क्षेत्रहरूमा पर्याप्त सुरक्षा व्यवस्था मिलाउन सहजिकरण गर्ने,
- प्रभावितहरुलाई मनोपरामर्श सेवा प्रदान गर्ने,
- किशोरी तथा महिलाहरुलाई मर्यादा सामग्री र महिनावारी हुँदा प्रयोग गर्ने सेनिटरी प्याड वितरण गर्ने ।

**मुख्य विपद्को किसिमः** संक्रामक रोगहरु, बाढी, पहिरो, महामारी, भूकम्प, आगलागी, सडक दुर्घटना, जैविक प्रकोप (बाली तथा पशुरोग), असिना, हिमपात, हावाहुरी चट्याङ, वन्यजन्तु आंतक र सुख्खा खडेरी ।

**क्षेत्रगत उद्देश्यः** बालबालिका लगायत जोखिममा रहेका किशोरकिशोरी, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिक समूहहरूले आपतकालिन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार र विभेदबाट संरक्षण प्राप्त गराउनु यसको उद्देश्य रहेकोछ ।

**योजनाको समष्टिगत उद्देश्य :**

- प्राकृतिक विपद् तथा अन्य आपतकालिन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी कानुन, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा राष्ट्रिय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दछन भन्नेकुरा सुनिश्चित गर्ने,
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपतकालिन प्रतिकार्यको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने,
- जोखिममा रहेका र हिंसा प्रभावित किशोरी र महिलाहरुलाई मनोसामाजिक/मनोबिमर्श सहयोग प्रदान गराउने,
- आपतकालिन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा अन्य जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने,
- बालमैत्री र महिलामैत्री स्थान(Children and Female Friendly Spaces)तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणको सुनिश्चितता गर्ने,
- बिछोड भएका बालबालिका, खासगरी पाँच बर्षको उमेरभन्दा मुनिका बालबालिका, किशोरी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोगको सुनिश्चितता गर्ने,
- यौन दुर्व्यवहार तथा लैंगिक हिंसाका रोकथाम/प्रतिकार्यका लागि अनुगमन, प्रतिवेदन, प्रेषण प्रणाली स्थापना र सवलिकरण तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरू माथिको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।
- लैंगिक हिंसा प्रतिकार्यका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र(One stop Crisis Management Center-OCMC) मार्फत प्रभावितहरुलाई केन्द्रित पद्धतिबाट बहुक्षेत्रिय सेवा प्रदानका लागि सुनिश्चित गर्ने

**संरक्षण क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | क्षेत्रको समन्वय बैठक संचालन गर्ने:<br>जिम्मेवारी बाँडफाँड, सूचना तथा | क्षेत्रगत सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | क्षेत्रका सदस्यहरुलाई समय व्यवस्थापनमा | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | जानकारी संकलन, प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने | | कठिनाई | विकास शाखा | |
| दोस्रो दिन | परिस्थिति अनुसार जि.वि.व्य.स. र सम्बन्धित निकायमा जानकारी गर्ने | प्रभावित क्षेत्रको अनुगमन | सूचनाको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| पहिलो हप्ता | प्रारम्भिक जानकारीको आधारमा आपतकालिन मानवीय सहयोग उपलब्ध गराउने | आपतकालिन कोषको व्यवस्था गर्ने | पर्याप्त सूचना र जनशक्तिको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| | संक्रामक रोग, विपद्बाट प्रभावित बालबालिका, किशोरकिशोरी, गर्भवती, सुत्केरी महिलाहरु, अपाङ्गता भएका व्यक्ति लगायत जोखिमताको लेखाजोखा तथा तथ्यांक संकलन गर्ने | सर्वेक्षणका लागि व्यक्ति तोक्ने | जनशक्ति र तथ्याङ्क संकलन फारामको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| | संक्रामक रोग तथा विपद्बाट प्रभावित महिला, किशोरी, बालबालिका, आप्रवासी कामदार, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैंगिक तथा यौनिक अल्पसंख्यक हरुलाई हिंसा, दुर्व्यवहार, हेला र भेदभावबाट बचाउन सूचनामूलक सन्देश प्रसारण गर्ने | उपलब्ध संचार माध्यमहरुकोतथ्याङ्क अद्यावधिक गर्ने र समन्वय गर्ने | आर्थिक स्रोतको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| | जि.वि.व्य.समितिसंग समन्वय गरी MIRA सर्वेक्षणको टोली परिचालन गर्ने | सर्वेक्षणको लागि व्यक्ति तोक्ने | | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| | हराएका, तनावग्रस्त, घाइते, अशक्त आदिको तथ्याङ्क संकलन गर्ने र भेटिएकालाई पारिवारिक पुनर्मिलन गराउने, न्युनतम आधारभुत सहयोगको लागि तथ्यांक आकलन गर्ने | सम्पर्क डेस्क सञ्चालन गर्ने | जनशक्ति र तथ्याङ्क संकलन फारामको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| पहिलो महिना | बाल संरक्षण तथा लैंगिक हिंसा जस्ता कार्यको नियमितअनुगमन गरी आवश्यक प्रतिकार्य गर्ने | सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्ने | सही सूचना प्राप्तिमा कठिनाइ | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा | |
| | आइसोलेशन तथा अस्थायी शिविरमा | सम्बन्धित तथ्याङ्कहरु | आर्थिक स्रोतको | सामाजिक विकास | |

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | रहेका व्यक्तिहरु, विशेष गरी गर्भवति, सुत्केरी महिला, लैंगिक हिंसामा परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको स्यानीटरी प्याड, झुल, कम्बल RecreationalKits र Dignitykits, KishoriKits, MISP Packages for sexual and reproductive health in emergencies आदि आवश्यक सामाग्री उपलब्ध गर्ने | संकलन र अद्यावधिक गर्ने | अभाव | कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा, UNFPA | |
| दोस्रो महिना | तालिम प्राप्त स्वयंसेवक परिचालन गरी आवश्यकता अनुसार मनोसामाजिक परामर्श गर्ने | उपलब्ध मनोसामाजिक परामर्शकर्ताको तथ्याङ्क अद्यावधिक गर्ने | परामर्शकर्ताको संख्या कमी हुन सक्ने तथा उनीहरुले समयमै सेवा उपलब्ध नगराउने | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा, UNFPA तथा कार्यरत विभिन्न गैसस | |
| तेस्रो महिना | आवश्यकता अनुसार सचेतना कार्यक्रम सञ्चालन गर्ने | IEC सामग्रीको छपाइ तथा व्यवस्थापन गर्ने | आर्थिक स्रोतको अभाव | सामाजिक विकास कार्यालय, स्थानीय तह सामाजिक विकास शाखा, UNFPA तथा गैसस | |

## ११. कार्यान्वयन तथा पुनरावलोकन रणनीति

### ११.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशील हुने

जिल्लामा विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समितिको प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीले मानवीय उद्धारको कार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गराउनका लागि मुख्य भूमिका निर्वाह गर्नुहुने छ। यस समितिले विपद्को समयमा जिल्ला स्थित सबै विकास तथा मानवीय सहायतामा संलग्न निकायहरुको नियमित कार्यलाई मानवीय सहायताको कार्य तर्फ लगाउन समन्वय तथा निर्देशन दिन सक्नेछन्।

### ११.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन प्रकृया

जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका कार्यान्वयन निम्नानुसार गरिने छ:

| क्र.सं. | कार्यक्रम | मिति |
|---|---|---|
| १ | जि.वि.व्य. समितिको बैठक, क्षेत्रगत तयारी | नियमित |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्ने | श्रावण २० गते सम्म |
| ३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक मस्यौदा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा प्रस्तुत गर्ने | अद्यावधिक भएको पहिलो हप्ता भित्र |
| ४ | जिल्ला विपद् व्यवस्थापन समितिले अद्यावधिक गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पारित गर्ने | अद्यावधिक भएको पहिलो हप्तामा |

| | | |
|---|---|---|
| ५ | पारित गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिले कार्यान्वयन गर्ने गराउने | नियमित |
| ६ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समीक्षा गर्ने | त्रैमासिक रुपमा |
| ७ | समीक्षा पछि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्ने | आवश्यकता अनुसार |

प्रस्तुत जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ कार्यान्वयनका लागि आवश्यक स्रोत, साधन र बजेट सबै बिषयगत निकाय, स्थानीय तह, प्रदेश तथा केन्द्रीय सरकार, जिल्ला समन्वय समिति, गैरसरकारी संघ-संस्था तथा अन्तर्राष्ट्रिय सहयोग नियोगको मानवीय सहयोग शाखासंग समन्वय र अन्य दातृ निकायसंग पनि सहयोगको लागि पहल गरिनेछ।

## ११.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा स्थानीय तह, विषयगत क्षेत्र, सम्वन्धित सरोकारवालाहरुको सहकार्यमा गरिने छ ।

# १२. प्रतिवेदन तथा अभिलेखन

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्लाका सबै सरोकारवाला निकायहरुले स्वामित्व ग्रहण गरेको आधिकारिक दस्तावेज हो । विपद्को समय तथा विपद् पश्चात जिल्लाको विकास तथा मानवीय सहायता सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन तथा सम्बोधन गर्न यो दस्तावेजले दिशानिर्देश गर्दछ। यसबाट विपद् व्यवस्थापनलाई जिल्ला तथा स्थानीय तहको विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्न र सबै निकाय तथा तहलाई विपद् पूर्वतयारीमा केही बजेट विनियोजन गर्न मद्दत पुग्दछ ।

# १३. जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्नेगराउने,

(ख) जिल्लाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्नेगराउने,

(ग) जिल्ला स्तरमा रहेको आपतकालीन कार्यसञ्चालन केन्द्रको सञ्चालनमा सबलीकरण गर्ने,

(घ) उपलब्ध स्रोत र सेवाको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,

(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,

